म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ४२ आइतबार २४ भदौ २०८० ने. सं. ११४३ गुँलागा 10 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं**

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

भू-क्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमतीमा सत्तापक्ष र प्रतिपक्ष मिलाउन सभामुख सक्रिय



साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ बागमती प्रदेशमा सत्तापक्ष र प्रमुख प्रतिपक्ष दलबीचको विवाद समाधानमा सभामुख भुवनकुमार पाठक सक्रिय भएका छन् ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले बजेट पास हुनुअघि सरकारले गरेको सहमति पूर्ण कार्यान्वयन हुनुपर्ने अडान राख्दै प्रदेशसभा सञ्चालनमा चेतावनी दिँदै आएको छ । एमालेको अवरोधका कारण प्रदेशसभा सञ्चालनमा समस्या देखेपछि सभामुख पाठकले सरकार र प्रतिपक्ष मिलाउन सर्वदलीय बैठक राखेका छन् । यसअघि १८ भदौमा प्रदेशसभा बैठक आह्वान गरिए पनि एमालेले अवरोध गर्ने चेतावनी दिएपछि सूचना टाँसेर बैठक स्थगित भएको जानकारी गराइएको थियो । २१ भदौमा बैठक हुने भनिएपछि एमाले र सत्तापक्ष बीचको वार्ता सहमित हुन सकेको थिएन ।

प्रदेशसभाको गतिरोध अन्त्य गराउन सभामुख पाठक सक्रिय भएसँगै आज आइतबार सर्वदलीय बैठक बोलाइएको हो । दुई महिनापछि भदौ १८ गते बोलाइएको प्रदेशसभा बैठक एमालेसहितका विपक्षी दलको चेतावनीपछि भदौ २४ गते आइतबारका लागि बोलाइएको छ । तर, आइतबारको बैठक पनि सञ्चालन हुने अवस्था नदेखेपछि सभामुख पाठकले सत्तापक्ष र प्रतिपक्ष बीच सहमतिका लागि सर्वदलीय बैठक बोलाइएको स्रोतको दाबी छ ।

सभामुख पाठकले आइतबार बिहान १० बजेका लागि सर्वदलीय बैठक बोलाएका हुन् । सभामुख पाठकले लामो समयपछि बस्न लागेको बैठक निरन्तर सञ्चालन हुन नसके गलत सन्देश जाने भएकाले सदन सञ्चालनका लागि सर्वदलीय बैठक बोलाएको जानकारी दिए ।

उनले आइतबारको सर्वदलीय बैठकबाट सहमति जुट्न सकेको अवस्थामा भदौ २४ गते आइतबार बिहान ११ बजेका लागि बोलाइएको बैठक सञ्चालन हुने बताए । चालू आर्थिक वर्ष ०८०/८१ को बजेट पारित गर्दाको समयमा विपक्षी दलहरुसँग गरेको सहमति कार्यान्वयन गर्न माग गर्दै प्रदेशसभा सञ्चालनमा एमाले र र ाप्रपाले दबाब दिइरहेका छन् ।

उनीहरुले सहमति कार्यान्वयन नभएसम्म बैठक चल्न नदिने चेतावनी दिएसँगै बैठक प्रभावित बन्दै आएको छ । प्रतिपक्षी दलहरूले बजेट पास गर्दा भएको सहमति पालना गर्नुपर्ने भदौ १८ गते तय भएको सदनको बैठक अघि बसेको कार्यव्यवस्था तथा परामर्श समितिको बैठकमै माग गरेका थिए ।

## हेटौंडामा आज प्रधानमन्त्री प्रचण्डदेखि मोर्चाका शीर्ष नेता आउँदै




साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ हेटौंडामा लामो समयपछि राज्यका शीर्ष नेतृत्व तहका नेताहरु एकसाथ देखिँदैछन् । आज आइतबार यहाँ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल लगायतका आधा दर्जन शीर्ष नेताहरु एकसाथ उपस्थित हुने भएका छन् ।

प्रचण्ड, नेपाललगायतका नेताहरु आज समाजवादी मोर्चाको बागमती प्रदेशस्तरीय समिति घोषणा गर्न आउन लागेका हुन् । घोषणासभालाई प्रचण्डसहित नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष तथा पुर्वप्रधानमन्त्री माधव नेपाल, जसपा अध्यक्ष उपेन्द्र यादव र नेकपा महासचिव नेत्रबिक्रम चन्द (विप्लव)ले सम्बोधन गर्ने शनिवार पत्रकार सम्मेलन गरी जानकारी दिइएको छ । जिल्लास्थित मोर्चामा आवद्ध राजनीतिक दलहरुले आज हुने मोर्चाको सन्देशसभा र घोषणासभाको तयारी पूरा भएको जानकारी दिएका हुन् ।

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा र विप्लव नेतृत्वको नेकपासहितको मोर्चाको बागमतीको नेतृत्व कसले पाउने भन्ने विषयमा अहिले केही खुलाइएको छैन । कार्यक्रममा मोर्चामा आवद्ध राजनीतिक दलका कार्यकर्ताहरुलाई मोर्चाको अवधारणाबारे प्रशिक्षण दिइने नेकपा (एकीकृत समाजवादी) पार्टीकी स्थायी कमिटी सदस्य तथा बागमती प्रदेश अध्यक्ष सावित्रा भुसालले जानकारी दिइन् ।

उनले मोर्चा आवद्ध दलहरुले साझा अवधारणा लिएर मुलुकको सर्वोपरी हितका लागि अघि बढेको बताउँदै सैद्वान्तिक र बैचारिक एकता भएको खण्डमा भविष्यमा बाम एकता हुने उल्लेख गरिन् । मोर्चाले सातै प्रदेशमा सन्देशसभा गरिरहेको छ । बागमतीसँगै कोशी र सुदूर पशिचम प्रदेशको भेला हुन बाँकी छ ।

## साहित्य संगमको नियमित सन्ध्या र अधिवेशन

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ मकवानपुरे साहित्यकारहरुको अग्रणी संस्था साहित्य संगम मकवानपुरको ३३४ औं नियमित सन्ध्या तथा १६ औं अधिवेशन शनिवार हेटौंडामा भएको छ ।




३३४ औं नियमित सन्ध्या कार्यक्रममा ५ जना नवसर्जक साहित्यकारले आ-आफ्नो रचना वाचन गरेका थिए । कार्यक्रमको अबसरमा संस्थाले पत्रकारदेखि शिक्षक र समाजसेवीलाई सम्मान प्रदान गरेको छ । साहित्य संगमले प्याब्सन मकवानपुरका अध्यक्षसमेत रहेका बालजागृति इङलिस बोर्डिङका संस्थापक प्रिन्सिपल विनोद सुवेदी, नवोदय शिशुसदन विद्यालयका निर्देशक दीपेश जोशी, नेपाल हृदयरोग निवारण प्रतिष्ठानका सभापति हरिवंश भेट्वाललाई सम्मान प्रदान गरेको छ । यसैगरी, साहित्य संगम मकवानपुरका विभिन्न गतिबिधिलाई समाचारमार्फत नागरिक समक्ष पुऱ्याएको भूमिकाको कदर गर्दै प्रशंसापत्रसहित पत्रकार केशव सुवेदी समर्पणलाई सम्मान गरेको छ ।

संस्थाकी अध्यक्ष अनिता न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा साहित्य संगम मकवानपुरका पूर्वअध्यक्ष तथा सल्लाहकार हास्यव्यंग्यकार आर.सी. रिजालको प्रमुख आतिथ्यता रहेको थियो । साहित्य संगम मकवानपुरमा २ सय ४४ जना स्रष्टाहरु आवद्ध छन् । कार्यक्रममा साहित्य संगम मकवानपुरका पूर्वअध्यक्ष निमेष निखिल, प्याब्सन मकवानपुरका अध्यक्ष सुवेदीलगायतले बोलेका थिए ।

**अध्यक्ष डीबी बर्तौला निर्वाचित**

साहित्य संगम मकवानपुरको १६ औं अधिवेशन अन्तर्गत भएको निर्वाचनको मतपरिणाम अनुसार अध्यक्षमा डीबी बर्तौला निर्वाचित भएको छन् । बर्तौलाले ९७ मत ल्याउँदा निकटतम प्रतिद्वन्दी पुरुषोत्तम आचार्यले ८१ मत पाएका थिए । त्यस्तै उपाध्यक्षमा सानु खनालले १२१ मत ल्यायएर बिजयी हुँदा निकटतम प्रतिद्वन्दी एसके निधनले ५६ मत पाएका छन् । सचिवमा मनोज पोखरेलले ११० मत ल्याइ बिजयी भएका छन् भने निकटतम प्रतिद्वन्दी एस लामाले ६४ मत पाएका छन् ।

संगमको सहसचिवमा भवानी तिमल्सिना र कोषाध्यक्षमा मेनु तिमल्सिना निर्विरोध भएका थिए । शनिबार राति १० बजे सार्वजनिक गरिएको मतपरिणाम अनुसार सदस्यहरुमा रजनी पौडेल (१२४), स्वस्तिका बानियाँ (११८), कृतिका लौडारी (९९), कुबेर पराजुली (८३) मतसहित निर्वाचित भएका छन् । सदस्यमा मिनप्रसाद लामिछानेले ७६, बैकुण्ठ लामिछानेले ७५ र सिएम रिमालले ७९ मत ल्याएर कार्यसमितिको सदस्यबाट बाहिरिएका छन् । कुल मतदाता २ सय ४४ रहेकोमा १ सय ८२ मत खसेको थियो ।

## हातेमालोको कारोबार साढे ६५ करोड, अध्यक्षमा पुनः पौडेल




साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/हेटौंडा उपमहानगरपालिका-२ संगमचोक स्थित हातेमालो बचत तथा ऋण सहकारी संस्थाले आव २०७९/८० मा ६५ करोड ४७ लाख ९० हजार ३३४ रुपैयाँको कारोबार गरेको छ ।

शनिबार १७ औं वार्षिक साधारणसभा गर्दै कारोबारको वित्तीय विवरण प्रस्तुत गरिएको हो । संस्थाका अध्यक्ष हरिप्रसाद पौडेलको सभाध्यक्षता तथा प्रदेश सहकारी बोर्डका कार्यकारी उपाध्यक्ष नारायण प्रसाद देवकोटाको प्रमुख आतिथ्यता रहेको थियो । सभामा सहकारीले विभिन्न विधामा शेयर सदस्य सम्मान गरेको थियो । सहकारीले जेष्ठ शेयर सदस्यतर्फ दीलानाथ नेपाल र भक्तकुमारी खड्कालाइ दोसल्ला ओढाएर सम्मान गरिएको थियो । त्यस्तै, नियमित बचततर्फ कल्पनादेवी दाहाल र गोविन्दबहादुर थापा, असल ऋणितर्फ भेषबहादुर घले र वसन्तबहादुर दर्लामीलाइ सम्मान गरिएको थियो ।

सभामा संस्थामा धेरै सदस्य सिफारिस गर्ने दीपेन्द्र यादव र उत्कृष्ट कर्मचारीतर्फ जुनियर कार्यालय सहायक विजय दोङलाइ सम्मान गरिएको थियो । कार्यक्रममा एसईइ परीक्षामा उत्कृष्ट अंक ल्याउने सामुदायिक र संस्थागत विद्यालयका १/१ छात्रछात्रालाई र १२ कक्षामा उत्कृष्ट अंक ल्याउने १/१ छात्रछात्रालाई पुरस्कृत गरिएको थियो । ६ करोड २८ लाख ५९ हजार पाँच सय शेयर पुँजी रहेको सहकारीले ४३ करोड ७५ लाख २३ हजार ५९ रुपैयाँ बचत निक्षेप रहेको छ । सहकारीले शेयर सदस्यलाई ५२ करोड १५ लाख ९३ हजार ६२१ रकम कर्जा लगानी गरेको संस्थाका व्यवस्थापक रमलाकुमारी सापकोटाले बताइन् । उनका अनुसार संस्थामा संस्थागत पुँजी ३ करोड ४९ लाख ४३ हजार रहेको र २ हजार ५६१ शेयर सदस्य रहेको बताइन् ।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष मीना चौरेल, संस्थाका पूर्वअध्यक्ष नुरप्रसाद गौतम, नेृस्कुन फिल्ड कार्यालय मकवानपुर उपसमिति सदस्य राजेन्द्रप्रसाद पौडेल, राष्ट्रिय सहकारी बैंक हेटौंडाप्रमुख रामेश्वर अर्याल, सल्लाहकार डा.गणेश लामा, नमूना प्रगति साकोसका अध्यक्ष मिठाराम दाहाल, नेृस्कुन फिल्ड ईन्चार्ज ज्योति महत, संस्थाका लेखा समिति संयोजक रविन्द्रप्रसाद सिग्देल लगायतको आतिथ्यता रहेको थियो ।

**हातेमालो साकोसमा पुन : पौडेल**

हातेमालो बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा पुन: हरिप्रसाद पौडेल चयन भएका छन् । शनिबार भएको १७ औं वार्षिक साधारणसभाबाट पौडेलको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको हो ।

समितिको उपाध्यक्षमा केशवप्रसाद धिताल, सचिवमा सीताराम दाहाल, कोषाध्यक्षमा दीपकप्रसाद दाहाल चयन भएका छन् । समितिको सदस्यहरुमा भने सुलोचना सापकोटा, नवराज चौलागाई, किशोर बर्तौला, प्रमिला अर्याल, सानी कान्छी बरुवाल चयन भएका छन् । संस्थाको लेखा समितिमा नारायण रेग्मीको संयोजकत्वमा तीन सदस्य चयन गरिएको छ । समितिको सदस्यमा विनोद घिमिरे र रेखा रिजाल चयन भएका छन् ।

## थाहानगर उवासंघको अध्यक्षमा ढकाल सर्वसम्मत

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ जिल्लाको उत्तरी क्षेत्रस्थित बेमौसमी तरकारीको पकेट क्षेत्रको रुपमा परिचित थाहा नगरपालिकाकै ठूलो निजी संस्था थाहानगर उद्योग वाणिज्य संघले नयाँ नेतृत्व पाएको छ ।

संघको अध्यक्षमा पुरुषोत्तम ढकाल सर्वसम्मत चयन भएका छन् । शनिबार संघका अध्यक्ष कविराज खत्रीको सभाध्यक्षतामा तथा थाहा नगरपालिकाका मेयर विष्णु विष्टको प्रमुख आतिथ्यमा आठौं वार्षिक साधारणसभा तथा प्रथम नगर अधिवेशन सम्पन्न भएको थियो । अधिवेशनमा ढकालको अध्यक्षमा एकल उम्मेदवारी रहँदा उनी सर्वसम्मत चयन भएका हुन् ।

अधिवेशनअन्तर्गत् शुक्रबार उम्मेदवारी दिने कार्यक्रम थियो । अधिवेशनबाट वरिष्ठ उपाध्यक्षमा शम्भुसिं कार्की, वाणिज्यतर्फको उपाध्यक्षमा सुरेन्द्रमान प्रधान, उद्योगतर्फको उपाध्यक्षमा सानुकाजी गोपाली, वस्तुगततर्फको उपाध्यक्षमा राजेन्द्र विडारी, महासचिवमा जर्मलाल श्रेष्ठ, कोषाध्यक्षमा प्रदीप प्रधान, सचिवमा श्रीराम कार्की र सहकोषाध्यक्षमा निरोज प्रधान सर्वसम्मत चयन भए ।

यसैगरी, उद्योगतर्फको सदस्यहरुमा राजनप्रसाद ढकाल, आरती श्रेष्ठ, सुमन विष्ट र हरेराम कार्की, वाणिज्यतर्फको सदस्यहरुमा अञ्जल प्रधान, धर्मलाल प्रधान, ईश्वर कार्की, बलराम थापा, बिक्रम केसी, यादवजङ्ग रायमाझी, जयराम खत्री केसी र यशोदा अधिकारी (महिला) तथा मोबाइल एसोसिएसन अफ नेपाल उत्तरी क्षेत्र समिति पालुङबाट सुबिन्द्रमान प्रधान बस्तुगततर्फको सदस्य चयन भएको जनाइएको छ । ७ वाणिज्य सदस्यका लागि ८ जनाको उमेदवारी दर्ता भएको थियो । उद्योगतर्फका ४ सदस्यका लागि ५ जनाको उमेदवारी परेको थियो ।

## तीजको अवसरमा काँग्रेस नगर समितिद्वारा महिला उद्यमी सम्मान




साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/नेपाली महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा नेपाली काँग्रेस हेटौंडा उपमहानगर समितिले शनिबार हेटौंडामा आयोजना गरेको विशेष कार्यक्रमबीच नगरका महिला उद्यमीहरुलाई सम्मान गरेको छ।

'महिला उद्यमशिलता प्रबर्द्धन गरौं, आत्मनिर्भरतातर्फ अगाडि बढौं' भन्ने मुल नाराका साथ आयोजित कार्यक्रममा हेटौंडा उपमहानगरपालिका क्षेत्रमा आयआर्जनसँग जोडिएका प्रत्येक वडाबाट एक-एक व्यक्ति तथा समूहलाई सम्मानित गरिएको नगर सचिव सविन न्यौपानेले जानकारी दिए ।

सम्मानित हुनेमा वडा नं. १ बाट पाथिभरा साबुन सर्फ उद्योग, वडा नं. ३ तालिम प्रशिक्षक सुनिता तितुङ, ४ नं. वडाबाट रिनाज व्यटिपार्लर एण्ड ट्रेनिङ सेन्टर, वडा नं. ५ बाट क्रिस्टल गहना प्रशिक्षक गंगा अधिकारी, वडा नं. ६ बाट भवानी उन्नत जात बाख्रा तथा कृषि फर्म, वडा नं. ७ बाट व्यटिपार्लर एण्ड ट्रेनिङ सेन्टरका संचालक नितु गौताम, वडा नं. ८ बाट चुरियामाईं कृषि फर्म, वडा नं. ११ बाट मकवानपुर नर्सरी तथा बहुउद्देश्यीय कृषि फर्म, वडा नं. १२ बाट माछा मासु व्यवसायी असली थिङ, वडा नं. १३ बाट विकास पशुपालन फर्म, वडा नं. १५ बाट सक्रिय कृषि समूह, वडा नं. १६ बाट उद्यमी महिला कृषि समूहका निर्मला गोले, वडा नं. १७ का श्रवण महिला समूह र वडा नं. १९ का सिलाई कटाई प्रशिक्षक दुर्गा फुयाल रहेका छन् ।

कार्यक्रम संयोजक तथा नगर उपसभापति डोल्मा स्याङ्बोको सभाध्यक्षतामा भएको कार्यक्रममा बोल्दै नेपाली कांग्रेस केन्द्रीय सदस्य नानू बास्तोलाले अब महिलाहरु आयआर्जनसँग जोडिएर अगाडि बढ्नु पर्ने बताइन् । 'अब महिलाहरु तीजको अवसरमा दु:ख पीडाका कुरा मात्र नभएर आयआर्जन र समृद्धिका लागि अगाडि बढ्ने प्रेरणाका गीतहरु गाउनु पर्छ' केन्द्रीय सदस्य बास्तोलाले संघीय लोकतान्त्रिक गणतन्त्रमा परिवर्तन भनेको महिलाको क्षमता विकास र नेतृत्व विकाससँग जोडिएको बताइन् ।

नेपाली काँग्रेस पार्टीले नारामा मात्र नभई व्यवहारमा आर्थिक समृद्धि चाहेको भन्दै महिलाहरुले अधिकार माग्दै गर्दा आफ्नो उद्यमशिलता विकास र क्षमता अभिवृद्धिमा जोड दिनुपर्ने केन्द्रीय सदस्य बास्तोलाको जोड थियो । उनले समानुपातिक तथा समावेशी व्यवस्थासँगै महिलाहरु जिम्मेवार पदमा पुगेपनि अपेक्षाकृत क्षमता प्रदर्शन गर्न नसक्नु महिलाहरुकै कमजोरी र अझै पनि महिलालाई पछाडि पार्ने पुरातन सोच कारक रहेको स्पष्ट पारिन् ।

कार्यक्रममा नेपाली काँग्रेस बागमती प्रदेश सभापति तथा प्रदेशसभा सदस्य इन्द्र बहादुर बानियाँ, जिल्ला सभापति बुद्ध लामा, नेपाली काँग्रेस महासमिति सदस्य तथा निवर्तमान नगर सभापति आनन्दराम पराजुली, जिल्ला सहसचिव इन्दिरा न्यौपाने, नगर सभापति उत्सव इटेनी, नेपाल महिला संघ जिल्ला सचिव मिलन देवकोटालगायतले महिलाहरुको नेतृत्व विकास र उद्यमशीलता विकासमा काँग्रेस पार्टी सदैव अगाडि रहेको बताए ।

पार्टी हेटौंडा १५ नं. इकाई सचिव शान्ति स्याङ्बोले संचालन गरेको कार्यक्रममा लोक गायिका प्रतिमा अर्यालले सहभागि महिलाहरुलाई भरपुर मनोरञ्जन सहित नचाएकी थिइन् ।



साझाकुरा

## हाम्रो कुरा

# उपनिर्वाचनको तयारीमा आयोग

निर्वाचन आयोगले रिक्त प्रदेश सांसददेखि वडाअध्यक्षसम्मको पदमा उपनिर्वाचनको तयारी गरेको छ । संविधानको धारा २१५ र २०१६ को उपधारा ९ मा पालिकाको अध्यक्ष, उपाध्यक्ष वा वडाअध्यक्ष एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा रिक्तपदको पूर्ति उपनिर्वाचनबाट हुने व्यवस्था छ । आयोगको तयारीअनुसार मकवानपुरमा पनि एउटा वडाअध्यक्षका लागि उपनिर्वाचन हुनेछ । हेटौंडा उपमहानगरपालिका-१२ को वडाअध्यक्ष पदरिक्त छ । ३० वैशाख २०७९ मा भएको स्थानीय तह निर्वाचनमा १२ नम्बर वडाको वडाध्यक्षमा ललित घलान निर्वाचित भएका थिए । २०७४ को स्थानीय तहमा पनि घलान १२ नं का वडाध्यक्ष निर्वाचित भएका थिए । दोस्रोपटक २०७९ मा वडाध्यक्ष निर्वाचित घलान जिल्ला समन्वय समितिको संयोजक चयन भएपछि वडाअध्यक्ष पदरिक्त भएको हो ।

नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी)लगायतका दलहरुको गठबन्धनभित्र माओवादी केन्द्रले जिल्ला समन्वय समितिको प्रमुख पद पाएपछि उनै घलान वडाध्यक्ष छोडेर जिसस मकवानपुरको प्रमुख बन्न आएका थिए । वडाध्यक्षमा राजीनामा दिएर जिसस प्रमुख हुन आएका घलानले निर्वाचन जितेर एकैवर्षमा वडाध्यक्ष र जिसस प्रमुख हुने अबसर पाए । हाल १२ नम्बर वडामा वडासदस्यले कार्यबाहक चलाइरहेका छन् । यही वडामा उपनिर्वाचन हुनेछ । कुनै वडामा अध्यक्ष नरहेको अवस्थामा स्थानीय सरकार सञ्चालन ऐनअनुसार वडासमितिका सदस्यको काममा समन्वय र सजीकरण गर्ने, वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने तथा स्वीकृतिका लागि गाउँपालिका वा नगरपालिकामा पेश गर्ने, वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने तथा त्यसको अनुगमन तथा आवधिक समीक्षा गर्ने काम प्रभावित हुन्छ । यतिमात्रै नभएर वडाअध्यक्ष नभएकै कारण नागरिकका महत्वपूर्ण काम नाता प्रमाणित गर्ने, नागरिकता तथा नागरिक्ताको प्रतिलिपि लिन सिफारिस गर्ने, जन्ममिति प्रमाणित गर्ने, विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने, जीवित एवं मृतकसँगको नाता प्रमाणित गर्ने, तथा सर्जमिन सिफारिस गर्नेलगायतका काम पनि प्रभावित हुन्छ । यी काम प्रभावित हुन नदिन वडाअध्यक्षको उपनिर्वाचन गर्नुपर्ने कानूनी प्रावधान छ । निर्वाचन आयोगको तथ्यांकअनुसार बागमती प्रदेशमा मकवानपुरसहित तीन जिल्लाका तीन, कोशीका दुई जिल्लाका दुई, मधेशको एक जिल्लाका दुई, गण्डकीको एउटा जिल्लाको एक, लुम्बिनीका तीन जिल्लाका तीन, कर्णालीका दुई जिल्लाका दुई र सुदूरपश्चिम प्रदेशका तीन जिल्लाका तीन वडाअध्यक्षको पदरिक्त छ । निर्वाचन आयोगका अनुसार देशभरमा अधिकांश पद निर्वाचित व्यक्तिको निधन भएकाले रिक्त भएको हो ।

बामगतीमा दोलखाको गौरीशंकर गाउँपालिकाका उपाध्यक्ष श्यामसुन्दर तामाङको हृदयाघातका कारण निधन भएको थियो । उनको गत असार ३१ गते उपचारका क्रममा काठमाडौंस्थित सहिद गंगालाल हृदयरोग केन्द्रमा निधन भएको थियो । जहाँ उपाध्यक्षका लागि निर्वाचन हुने जनाइएको छ । उपप्रमुख नहुँदा न्यायिक समितिको संयोजक भएर काम गर्ने, गैरसरकारी संघसंस्थाका क्रियाकलापको समन्वय गर्ने, उपभोक्ता हित संरक्षणसम्बन्धी कामको समन्वय गर्ने, योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन बैठकमा पेश गर्ने काम प्रभावित भएको छ । आयोगले स्थानीय तहदेखि प्रदेशसभासम्म रिक्त भएको पदको जानकारी सरकारलाई गराइसकेको छ । यस विषयमा निर्वाचन आयोगका पदाधिकारी तथा प्रधानमन्त्रीसँग छलफल भएको बताइएको छ । सरकारले उपनिर्वाचनको मिति घोषणा गरेपछि उपनिर्वाचन गराउन आयोग तयारी अवस्थामा रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ २५ गते सोमबार ११ सेप्टेम्बर २०२३ । द्वादशी, भाद्र कृष्णपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:४७, सूर्यास्त ६:१५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु वृद्धि | **तुला** | : साझेदारीकार्यमा सफलता |
| **वृष** | : भाग्यबाट सन्तोष | **वृश्चिक** | : वैदेशिक कार्यमा अवरोध |
| **मिथुन** | : ऋणभार बढनाले खिन्नता | **धनु** | : सम्पत्तिबाट लाभ |
| **कर्कट** | : अनावश्यक झंझट | **मकर** | : मांगलिक कार्यमा मन |
| **सिंह** | : गृहकलहमा वृद्धि | **कुम्भ** | : मानसम्मानमा वृद्धि |
| **कन्या** | : आफन्तमा मनोमालिन्य | **मीन** | : आर्थिक हानी |

# ‘नियतवश अध्यादेश ल्याउने परम्परा बस्यो’



✍ पुष्पा भुसाल, पूर्व उपसभामुख

नेपालले अवलम्बन गरेको शासन व्यवस्था संसदीय व्यवस्था हो । संसदीय व्यवस्थामा कानुन निर्माण गर्ने, बजेट बनाउने र राष्ट्रिय राजनीतिका विषयलाई सम्बोधन गर्ने थलो संसद हो । जनताको ऐनाको रूपमा संसद मार्फत जनताका प्रतिनिधिले काम गर्ने हो ।

प्रचलन र अभ्यासमा पनि ल मेकरको रूपमै सांसदलाई चिन्ने गरिन्छ । तर त्यही संसद छल्नका लागि कार्यपालिकाले प्रयास गरिरहेको हुन्छ । यसको एउटा महत्वपूर्ण पार्ट हो अध्यादेश । तर अध्यादेश ल्याउने पनि सरकारले नै हो र विधेयक ल्याउने पनि सरकारले नै हो ।

यसमा भिन्नता के छ भने अध्यादेश सीधै लागू हुन्छ विधेयक संसदमा दर्ता हुन्छ । संसदीय प्रक्रिया अनुसार अगाडि बढ्छ । कानुन निर्माणमा गैरसरकारी विधेयकको व्यवस्था पनि छ । तर यो एकदमै कम प्रचलनमा छ । सारमा विधेयक र अध्यादेश ल्याउने काम सरकारले नै गर्छ ।

कानुन निर्माणका लागि भनेर संसदमा विधेयक अधिवेशन नै हुन्छ । संसदलाई विधेयक अधिवेशन, बजेट अधिवेशन भनेर जसरी छुट्याइएको छ त्यस अनुसार काम हुन्छ कि हुँदैन भन्ने गम्भीर प्रश्न छ । साथै अधिवेशन जेका लागि हो त्यस अनुसार काम नगर्ने र शासन सञ्चालनका लागि अध्यादेश ल्याउने अभ्यास, प्रचलनहरू छन् ।

कहिलेकाहीं संसद नभएको बेलामा अति आवश्यक अवस्थामा अध्यादेश ल्याएर त्यसलाई कार्यान्वयन गर्नुपर्ने विषय हुन सक्छ त्यस्तो बेला अध्यादेश ल्याउने विषय ठीक छ । यसकै लागि कार्यपालिकालाई पनि संविधानत: विधायिकी अधिकार दिइएको हो ।

यो छुट सुविधा नभएर तत्कालका लागि आइपर्ने समस्या कानुनी रूपमा सम्बोधन गर्नका निम्ति हो । जसलाई अधिवेशन सुरु भएको पहिलो दिन टेबुल गर्नुपर्छ र त्यसलाई ६० दिनभित्र संसदले कानुनमा रूपान्तरण हुने गरी स्वीकार गर्नुपर्छ । अन्यथा, स्वत: निष्क्रिय हुने व्यवस्था छ ।

तर, हाम्रोमा अध्यादेश ल्याउने प्रवृत्ति अध्यादेशको मूल मर्मभन्दा बाहिर गएर भएका र गरिएका अभ्यासहरू पनि छन् । सदनबाट अगाडि बढाउनु वा सदनमा छलफल गराउनु भन्दा सदन नभएकै बेला अध्यादेश ल्याएर त्यसलाई कार्यान्वयनमा लगिहाल्ने । पछि त्यस अध्यादेशलाई कानुनमा रूपान्तरण गर्न प्रतिस्थापन विधेयक ल्याउने विषयमा भने ठूलो सरोकार राखेको देखिन्न ।

अध्यादेश ल्याउन सरकारले अति आवश्यक थियो भन्ने प्रमाणित गर्नुपर्छ । सदनले पनि ६० दिनभित्र व्यापक छलफल गरेर त्यसलाई पारित गर्ने कि नगर्ने भनेर निर्णय लिनुपर्छ । अध्यादेशको प्रतिस्थापन विधेयक नल्याए खोइ भनेर प्रश्न गर्ने, तर प्रतिस्थापन विधेयक आएको खण्डमा त्यसउपर गम्भीर भएर छलफल गर्ने रुचि समेत संसद सदस्यहरूमा कम देखिन्छ ।

यसको परिणाममा अध्यादेशलाई आफूअनुकूल प्रयोग गर्ने वातावरण बनेको अवस्था छ । अध्यादेशका सन्दर्भमा सदनमा राम्रो छलफल भएको पाइँदैन । यसकारण कमजोरी हामी धेरैमा छ ।

मलाई याद छ-संविधानसँग बाझिएका ऐन संशोधनका लागि सरकारले अध्यादेश ल्याउने तयारी गरेको थाहा पाएपछि सदनमा त्यसउपर प्रश्न उठेको थियो । तयारीकै अवस्थामा अध्यादेश नल्याउ भनेर संसदमा खबरदारी भयो । यो प्रचलन पनि छ । यो राम्रो अभ्यास हो ।

यसकारण सरकारलाई अध्यादेश नभएर विधेयक ल्याउनेतिर केन्द्रित गराउन बल पुर्‍याउँदछ । संसदले पूर्व जानकारी पाएर सदनमा खबरदारी भएपछि कतिपय अरू अध्यादेशहरू पनि रोकिएका छन् । आउने तयारी भएर नआएका पनि छन् ।

यसमा हामी प्रष्ट हुनुपर्ने विषय हो- अध्यादेश र संसदको भूमिका के हो ? संसद र सांसदले यसलाई गम्भीरतापूर्वक बुझ्नुपर्छ । सत्तापक्षको सांसदले अझ गम्भीर ढंगले बुझ्न आवश्यक हुन्छ । किनभने अध्यादेश सरकारले ल्याउँछ । कतिपय अध्यादेश समयको आवश्यकता हुन सक्छ ।

उदाहरणका लागि यसै वर्ष सरकारले मिटरब्याज पीडितको समस्या समाधान गर्ने गरी अध्यादेश ल्यायो । पीडितहरूको आन्दोलनका साथसाथै थप समस्या हुन नदिन कानुनको आवश्यकता पर्‍यो । जसलाई संसदले पनि स्वीकार गर्‍यो र त्यसलाई कानुनको रूपमा दिने कार्यमा सदनको पनि साथ रह्यो ।

तर कतिपय अवस्थामा सदनको अधिवेशन नभएको बेलामा अध्यादेश लिएर आउने र कार्यान्वयन गरिहाल्ने नियतका साथ ल्याउने अभ्यास पनि छ । कतिपय बजेटहरू समेत अध्यादेशबाट आएका छन् । सदनमा अवरोध भयो भने अधिवेशन नै अन्त्य गरिदिएर अध्यादेशबाट बजेट ल्याउने गरेका उदाहरण छन् ।

जबकि बजेट यो दल वा त्यो दलको विषय हुँदैन र हुनुहुँदैन । यो आम जनताको विषय हो, आम जनताको विकाससँग जोडिएको विषय हो । जनताले रुचि राख्ने विषय हो । तर दुर्भाग्य पटक-पटक बजेट नै अध्यादेशबाट आएका छन् । यो गलत परम्परा हो ।

संविधान निर्माणको समयमा पनि अध्यादेशको व्यवस्था र अभ्यासबारे छलफल भएको थियो । अध्यादेश भनेको एक किसिमको कानुन नै हो । यसलाई हटाउन सकिंदैन । यो अति आवश्यक समयमा, आवश्यक पर्ने, अति आवश्यक विषय हो । उपयुक्त अध्यादेश आउँदा त्यसले कानुनको रूप लिन्छ ।

यस दृष्टिबाट हेर्दा अध्यादेश आफैंमा नराम्रो व्यवस्था होइन । प्रश्न हाम्रो अभ्यासमा हो । सदनको विचलनपन वा सदनबाट असहजता महसुस गर्दा कार्यपालिकाले अलिकति बढी पावरको प्रयोग गरेर अध्यादेश ल्याउने प्रवृत्तिमा समस्या छ । यसलाई कम गरेर सुधार ल्याउने नै उपयुक्त निकास हो ।

विधिको शासनका लागि लामो समय नेपालमा संघर्ष भयो । विधि स्थापित भएपछि शासन व्यवस्थामा पनि सदन छल्नका लागि अध्यादेश ल्याउने प्रवृत्ति देखिनु सबैका लागि गम्भीर चिन्ताको विषय हो । राजनीतिक लाभहानिका लागि अध्यादेश ल्याउने जो प्रवृत्ति छ यसमा गम्भीर हुनैपर्छ ।

संवैधानिक परिषद् सम्बन्धी अध्यादेश संविधानको भावना र मर्मसँग समेत नमिल्ने गरी आयो तर आएको अध्यादेश कार्यान्वयनमा गइहाल्यो । त्यस विषयउपर सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ ।

भोलि कानुनको रूप लिन्छ है भन्ने कन्सेप्टले अध्यादेश आउनुपर्ने हो । तर, कतिपय अध्यादेशले कानुनको रूप नलिंदा त्यसमाथि प्रश्न उठ्नु र आशंका हुनु स्वाभाविक हो ।

कतिपय घटनाक्रमले सरकारमा रहेका दलहरूले आनो स्वार्थका लागि वा तुरुन्तै कार्यान्वयन गरिहाल्ने नियतका साथ अध्यादेशहरू ल्याउने प्रचलन छ । सारमा हेर्दा अध्यादेश आवश्यकता भन्दा प्रचलनको रूपमा, अभ्यासको रूपमा अगाडि आयो । आवश्यकताको लागि हुनुपर्ने अध्यादेश अभ्यास र प्रचलनको रूपमा अगाडि बढ्दा समस्या देखिएका हुन् । गलत यहींनेर भएको हो ।

अध्यादेश अभ्यासका रूपमा अगाडि बढ्नै हुँदैन, यो आवश्यकताको रूपमा मात्रै आउन सक्ने हुनुपर्छ र आवश्यकतामा मात्रै ल्याइनुपर्छ । अभ्यासको रूपमा अगाडि आएकै कारण कतिपय अध्यादेशले कानुनको रूप लिन पाएनन् ।

कतिपय बेला सत्ता पक्षले सत्तामा रहेका दलहरूलाई सत्ता संचालनका लागि सहज हुने गरी अध्यादेश ल्याएर आफूलाई दह्रो बनाएको देखिन्छ । गलत अभ्यास रोक्न सरकार र सदनका बीचमा अन्तरसम्बन्ध कसिलो हुन आवश्यक छ । एउटाले गल्ती गर्न खोजे अर्कोले तुरुन्त खबरदारी आवश्यक हुन्छ ।

सरकारले सदनको अधिवेशन नभएको बेला अध्यादेश ल्याए मिनी पार्लियामेन्ट छ त्यस मार्फत खबरदारी गर्न सकिन्छ । सरकारको ध्यानाकर्षण गरेर मिनी संसदले सरकारलाई निर्देश गर्न सक्छ । यो मानेमा ध्यानाकर्षण गराउने हो कि, आउँदै गरेको अध्यादेशका विषयवस्तुहरू के छन् त्यो तत्काल अति आवश्यक हो वा होइन ? तत्काल अति आवश्यक होइन भने विधेयक ल्याउ भन्न सक्नुपर्छ ।

फेरि पनि हाम्रोमा अध्यादेशलाई अभ्यासको रूपमा गलत प्रयोग हुनुको कारण अध्यादेशमा भएको राजनीतीकरण हो । रुलिङ पार्टीले ल्याउने हो, रुलिङ पार्टी भएकोले आवश्यकता अनुसार ल्याउँछ भन्ने सोच राख्ने हुँदा यसमा राजनीतीकरण भएको हो ।

अध्यादेशमा राजनीति गर्दा अध्यादेशको आवश्यकता, गरिमा र अध्यादेशले पछि कानुनको रूप लिनेमा समस्या उत्पन्न भएको र यसमाथि नै प्रश्न उठेको हो । यसले मुलुककै सिस्टममा पार्ने प्रभावका सम्बन्धमा सदन र मिनी संसदमा गम्भीरतापूर्वक छलफल भएको पाइँदैन ।

संसदको यस प्रवृत्तिमा पनि सुधार हुन आवश्यक छ । संसद र मिनी संसदको खबर दारीले मात्रै नियतका साथ अध्यादेश जारी गर्ने गलत अभ्यास निरुत्साहित हुन सक्छ ।

*(साभार: अनलाइनखबर)*

# नागरिक स्वतन्त्रतामाथि गम्भीर खेलबाड

✍ टीकाराम भट्टराई

राजनीतिमा ‘पपुलिजम’ क्षणिक आनन्द हो । अन्तत: यसले लोकतन्त्रलाई धराशायी बनाउँछ भन्ने दृष्टिकोण मैले निरन्तर सार्वजनिक गरिरहेको छु ।

राजनीतिमा देखा परेको पपुलिजम वा लोकरिझाइँले राज्यका अरू सबै अंग प्रभावित हुन थालेका लक्षणहरू देखा पर्न थाल्दै छन् । यसले लोकतन्त्रमा अरू चुनौती थपिँदै गएको आभास हुन थालेको छ । पपुलिजमको प्रभावले राज्य संयन्त्रका अन्य संवेदनशील अंग र स्वयं प्रेस पनि मज्जैले प्रभावित भएको देखिन थालेको छ ।

म यही लेखमार्फत सार्वजनिक सञ्चारमाध्यमका लगानीकर्ता, उत्पादक, सम्पादक अनि श्रमजीवी पत्रकार मित्रहरूको ध्यानाकर्षण गराउन चाहन्छु । कृपया, तपाईंको सञ्चार माध्यममा साताभरि प्रकाशित समाचारको एक पटक सिंहावलोकन गर्नुहोस् अनि त्यो सामग्रीलाई युट्युब लगायतका सामाजिक सञ्जालमा प्रसारित सामग्रीसँग तुलना गर्नुहोस्, आफैं महसुस गर्नुहुनेछ तपाईंको सञ्चारमाध्यम क्रमश: पपुलिजमको सिकार हुँदै गएको छ भनेर । निश्चय पनि, पपुलिजम विकृत राजनीतिक र संवैधानिक अभ्यासको गर्भाधानबाट पैदा भएको अजैविक सन्तान हो । पपुलिजमको जननी राजनीतिक दलहरू र तिनको निर्देशनमा बलपूर्वक चल्ने गरेका राज्यका अंगहरूको कार्यसम्पादन नै हो । तर राजनीतिक दल र राज्यका अंगहरूलाई नियन्त्रण, नियमन र जवाफदेही बनाउने फेरि पनि राजनीति अनि संविधान र कानुनले नै हो ।’ ‘पपुलिजमले संविधान र कानुन होइन, भीड र अराजक तन्त्रद्वारा लोकतन्त्रलाई नियन्त्रण गर्ने प्रयत्न गर्छ र जनतामा व्याप्त निराशा र बेरोजगारीलाई आफ्नो अस्तित्व र शक्तिको सुरक्षाकवच बनाउन खोज्छ । आज नेपालमा यही भइरहेको छ । पपुलिजमको जन्म ‘फ्रस्ट्रेटेड’ जनताको आक्रोशबाट हुन्छ अनि फैलावट जनसमर्थनबाटै हुन्छ तर परिणाममा राजनीति, दर्शन, संविधान र जवाफदेही समाप्त भएर तानाशाहको उदय हुँदै लोकतन्त्रलाई नियन्त्रण गरेर मुलुकमा अराजकता उत्पन्न हुन्छ । यो चरण यदि लामो भयो भने नेपाली जनताले लोकतन्त्रको अर्को लडाइँ लड्नुपर्ने निश्चित छ ।

तर पपुलिजमको हाउगुजी देखाई विकृत राजनीतिक र संवैधानिक अभ्यास कायमै राखेर युगौंयुगसम्म आफ्नो नियन्त्रणलाई निरन्तरता दिने र लोकतन्त्रका नाममा वंशवाद वा गुटतन्त्र वा जीवनकालसम्म राज्यसत्ता र पार्टीसत्तामा रहिरहने प्रवृत्ति कुनै हालतमा क्षम्य हुन सक्दैन । राज्यसत्ता र पार्टीसत्ताको निरन्तर दोहन गर्ने प्रवृत्ति पपुलिजमभन्दा कम खतरनाक छैन । फरक यत्ति हो– पपुलिजमलाई भीडले निर्देषित गर्छ, पार्टीतन्त्रमा विवेक भएका कार्यकर्ताले नियन्त्रण गर्ने क्षमता राख्छन् ।

अब प्रवेश गरौं, आजको लेखनको मूल विषयतर्फ । गर्नुहोस्, तपाईंको परिवारका बुबा, आमा, छोरा, छोरी, श्रीमान्, श्रीमती वा कुनै पनि नातेदारलाई सरकारले ३५ दिनसम्म बिनाकसुर थुनामा राख्यो र पछि थुना गैरकानुनी ठहरियो भने तपाईंको रिस, आवेग अनि आक्रोश सरकारसँग कस्तो हुन्छ होला ? त्यो अवधिमा थुनामा परेको मानिसको इज्जत, मर्यादा, सामाजिक प्रतिष्ठा, त्यसले उसको परिवार र बालबच्चामा पार्ने मनोवैज्ञानिक असर कस्तो हुन्छ होला ? त्यसपछिको उसको जीवन कसरी बित्छ होला ? अनि त्यो सम्पूर्ण चरणको क्षतिको पूर्ति उसले आफ्नो जीवनकालमा प्राप्त गर्न सक्छ कि सक्दैन होला ? यो गम्भीर सवालमा एक छिन घोत्लिऔं त ।

लोकतन्त्रमा मानिसको जीवनको स्वतन्त्रता र मर्यादाको ग्यारेन्टी राज्यले गरेको हुन्छ र त्यसलाई निर्देशित गर्न संविधान र कानुन बनेका हुन्छन् । मानव जीवनको आजसम्मको इतिहासमा सबैभन्दा धेरै लडाइँ जीवनको स्वतन्त्रता र मर्यादाकै लागि भएको छ, जसलाई नागरिक स्वतन्त्रता भनिन्छ । लोकतन्त्र, संविधानवाद, कानुनको शासन र अनि सरकार, अदालत र राजनीतिक दलहरू नागरिक स्वतन्त्रताकै लागि स्थापित र क्रियाशील संयन्त्रहरू हुन् । जब मानिसको स्वतन्त्रता र मर्यादाको अपहरण हुन्छ, तब लोकतन्त्रको धुन निष्फल र निष्काम हुन्छ ।

आधुनिक लोकतन्त्रलाई निर्देशित र विकसित गर्ने सत्रौं शताब्दीका दुई ठूला क्रान्तिहरू क्रमश: अमेरिकी स्वतन्त्रता संग्राम र फ्रान्सेली राज्य क्रान्ति नागरिक स्वतन्त्रताकै लागि भएका थिए । तिनका नारा थिए– जीवन, स्वतन्त्रता र सम्पत्ति, अनि, एकता, समानता र स्वतन्त्रता । ती दुवै क्रान्तिको बीजारोपणले नागरिक स्वतन्त्रताको लहर विश्वभर फैलिँदै आधुनिक लोकतन्त्र यो चरणसम्म आइसकेको छ । जब राज्यले मनोमानी ढंगले व्यक्तिका स्वतन्त्रताहरूको हरण गर्छ तब लोकतन्त्रको चीरहरण हुन्छ ।

हो, राज्यमा अपराध हुन्छ र अपराध नियन्त्रण गर्नका लागि राज्यले अनुसन्धान, अभियोजन र न्यायका लागि अलगअलग संस्थाहरूको स्थापना गरेको हुन्छ । प्रहरीले अनुसन्धान गर्ने, सरकारी वकिलले मुद्दा चलाउने अर्थात् अभियोजन गर्ने र अदालतले त्यसको परीक्षण गरेर न्याय प्रदान गर्ने गर्छन् । यी सबै कामका लागि सबै संस्थाका अधिकार, कर्तव्य, प्रक्रिया र सीमाहरू संविधान र कानुनले निर्धारण गरिदिएका छन् । जतिसुकै ठूलो अपराधी भए पनि तोकिएको विधि-प्रक्रिया नपुर्‍याई वा कानुनमा लेखिएभन्दा बढी सजाय गर्न वा अनुसन्धान गर्न पाइँदैन । संयुक्त राष्ट्रसंघको मानव अधिकार आयोगले ९ डिसेम्बर १९८८ मा अपराधको अनुसन्धानमा कुनै पनि नागरिकलाई थुनामा राख्नुपर्दा अवलम्बन गर्नुपर्ने बीसवटा सैद्धान्तिक आधार तय गरेको छ । ती सबै आधारको सारांश के हो भने, गिरफ्तार भएको व्यक्तिलाई कानुन बमोजिम, कानुनले तोकेको प्रक्रिया पूरा गरेर, अख्तियार प्राप्त अधिकारीले र तोकिएको दिनसम्म मात्र अनुसन्धानका क्रममा थुनामा राख्न सकिन्छ । नेपालको संविधानदेखि अनेक कानुनले गैरकानूनी थुनाविरुद्धको अधिकारलाई सुनिश्चित गरेका छन् र सर्वोच्च अदालतले आज होइन, पञ्चायत कालदेखि नै गैरकानुनी थुनाबारे उदारतापूर्वक व्याख्या गरेका हजारौं दृष्टान्त हाम्रासामु छन् ।

संवैधानिक र कानुनी सुरक्षाकवचका बावजुद आज संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा पनि प्रहरीले जथाभावी नागरिकको स्वतन्त्रताको अपहरण गर्ने र बिनाकारण थुनामा राख्ने वा थुनामा पनि यातना दिने वा संविधानले प्रत्याभूत गरेको थुनाको अवधिदेखि नै निजले रोजेको कानुन व्यवसायीसँग परामर्श गर्न दिने संवैधानिक अधिकारको हनन भइरहेको छ ।

यो विषयमा यो लेख लेख्नैपर्ने पछिल्लो कारण हो– कथित ललिता निवास प्रकरणको छानबिनका क्रममा १८ नागरिकलाई राज्यले ३५ दिनसम्म गैरकानुनी रूपमा थुनामा राख्दासमेत प्रेस, नागरिक समाज र स्वयं नेपाल बार एसोसिएसन मौन रहनु । यो देखेर म ज्यादै उद्वेलित भएको हुँ । उनीहरूलाई अनुसन्धान गर्न पाइन्छ र गर्नु पनि पर्छ ।

ललिता निवास प्रकरणमा राज्यको सम्पत्ति राजनीतिक नेतृत्वको संरक्षणमा दलालहरूका हातमा पुगेकोमा कुनै प्रश्न नै छैन । यो गम्भीर अपराध हो । पछिल्लो समय ललिता निवास प्रकरणमा प्रहरीले ठगी र संगठित अपराधमा अनुसन्धान गरेको थियो, कानुन बमोजिम ठगीमा २५ दिन र संगठित अपराधतर्फ ६० दिनसम्म थुनामा राखेर अनुसन्धान गर्न पाइन्छ । तर दुवै अभियोगमा एकसाथ अनुसन्धान गरिएकाले अधिकतम ६० दिनभित्र अनुसन्धान र अभियोजन पूरा गरेर अदालतमा अभियोग बुझाउनैपर्ने बाध्यता थियो ।

प्रहरीले अनुसन्धान र सरकारी वकिलले मुद्दा चलाउने कार्य गर्ने कानुनी प्रावधान भए पनि अनुसन्धानको सुरुआती चरणदेखि नै प्रहरी र सरकारी वकिलको समन्वय अनिवार्य रूपमा हुनुपर्ने बाध्यात्मक कानुनी व्यवस्था छ । अदालतको अनुमतिसमेत लिएर मात्र थुनामा राख्न पाइन्छ । अदालतले पनि थुनामा राख्दा आधार कारण र औचित्य हेरेर मात्र अनुमति दिनुपर्ने बाध्यात्मक कानुनी व्यवस्था छ । यस प्रकरणमा प्रहरीले नागरिक अधिकारमाथि ज्यादती गरेकै थियो, तर सरकारी वकिल र अदालत पनि प्रहरीसामु निरीह र निष्प्रभावी देखिनाले नागरिक हकमाथि गम्भीर खेलबाड भएको छ । ललिता निवास प्रकरण २०७० भन्दा अघिको कसुर हो, जबकि संगठित अपराध ऐन-२०७० मा मात्र जारी भएको हो ।

कानुनको सिद्धान्त अनुसार ऐन आउनुअघिको अपराधलाई पछि बनेको कानुन अन्तर्गत सजाय गर्न पाइँदैन । यस हिसाबले यो ऐन अन्तर्गत थुनामा राख्ने अधिकार प्रहरीलाई छँदै थिएन । तर संगठित अपराधको कसुर यान्त्रिक रूपमा झुन्ड्याएर प्रहरीले आफ्नो सुविधाका लागि १८ नागरिकलाई करिब ६० दिन थुनामा राख्ने योजना पहिले नै बनाएको थियो । व्यापक जनदबाबपछि जिल्ला सरकारी वकिलले उनीहरूलाई संगठित अपराधतर्फको अभियोग नलाग्ने र ठगीतर्फको अभियोग मात्र लगाउने गरी हाल मुद्दा अदालतमा दर्ता गरि सकेको छ । तर प्रहरीले आफ्नो सुविधाका लागि ३५ दिनसम्म नागरिकलाई गैरकानुनी थुनामा राख्दा महान्यायाधिवक्ता कहाँ थिए ? सरकारी वकिल कहाँ थियो ? जिल्ला अदालतले किन गैरकानुनी थुना देख्दादेख्दै थुनामा राख्ने अनुमति दिइरह्यो ? प्रश्न त्यति मात्र होइन, यही प्रश्न उठाएर कतिपय थुनुवा बन्दी प्रत्यक्षीकरणको निवेदन लिएर सर्वोच्च अदालतसमेत प्रवेश गरेका थिएह स्वयं सर्वोच्च अदालतसमेत राज्यले नागरिक अधिकारमाथि यत्रो खेलबाड गर्दा किन संवेदनशील हुन सकेन ? झट्ट हेर्दा यो प्रश्न सामान्य लागे पनि यसले हाम्रो लोकतन्त्र, नागरिक अधिकार र न्यायपालिकाको स्वतन्त्रता र गरिमामा गम्भीर प्रश्नहरू जन्माएको छ । राज्यका सबै निकाय नागरिक अधिकारको हनन हुँदा ‘तैं चुप मै चुप’ को अवस्थामा पुगे भने लोकतन्त्र कतातर्फ जाला ?

त्यति मात्र होइन, संसझा यो कुरा उठेनह प्रेसले यो कुरा थाहै नपाएझैं गर्‍यो अनि नागरिक समाज अदालती मामिला भनेर पन्छियो वा यस्तै केही भयो । नागरिक अधिकारको रक्षाको सवालमा आवाज बुलन्द गर्ने दुई संस्था नेपाल बार र पत्रकार महासंघ पनि प्रहरी र महान्यायाधिवक्ताको कार्यालयझैं फड्के किनाराका साक्षी मात्र भए । लाग्थ्यो, यस प्रकरणमा यी सबै संस्थाको घोषित मोर्चाबन्दी थियो । युट्युब, सामाजिक सञ्जाल र पपुलिजमका केही पक्षधरले यस प्रकरणलाई यसरी प्रचार गरिरहेका थिए कि कसैले यसविरुद्ध बोल्यो भने प्रहारको निसाना आफूमाथि आउँछ कि भन्ने भयबाट सबै संस्था निष्प्राणजस्ता देखिए । आखिर पपुजिलमले गर्ने यस्तै फन्डा हो ।

*(साभार: ई-कान्तिपुर)*

# दशैंको मुखमा जिराको भाउ दोब्बरभन्दा बढी



काठमाडौं/चाडबाडमा मसलाका रुपमा अत्यधिक खपत हुने जिराको मूल्य दशैंको मुखमा दोब्बर भन्दा बढी भएको छ । जिराको मूल्य गत वर्षको यही बेलाको तुलनामा १२७ प्रतिशतले बढेको हो ।

१ माघ २०७९ मा जिराको प्रतिकिलो मूल्य ५५० रुपैयाँ थियो । नेपाल खुद्रा व्यापार संघकाअनुसार यो मूल्य त्यसयताको ७ महिनामा ३ पटक बढेर १२ सय ५० रुपैयाँ पुगेको छ । चैत २०७९ मा प्रतिकिलो ७ सय रुपैयाँ थियो । वैशाखमा जिराको मूल्य प्रतिकिलो ८५० रुपैयाँ थियो ।

अहिले होलसेलमा जिराको बिक्री मूल्य १२ सयदेखि १२ सय २५ रुपैयाँ प्रतिकिलो रहेको व्यवसायीहरु बताउँछन् । भदौ महिनाका लागि नेपाल खुद्रा व्यापार संघले जिराको थोक मूल्य १२ सय ५० रुपैयाँ तोकेको छ ।

**किन बढ्यो मूल्य ?**

भारतमा जिराको उत्पादनमा ह्रास आएपछि जिराको मूल्य बढेको व्यापारीहरुको दाबी छ । जिरा उत्पादन गरेर बिक्री गर्ने मुलुक भारत आफैं जिरा आयात गरिरहेको होलसेल व्यवसायीहरुको संस्था नेपाल खाद्य किराना तथा थोक व्यवसायी संघले जनाएको छ । संघका अध्यक्ष देवेन्द्रभक्त श्रेष्ठका अनुसार भारतमा मूल्य बढ्नु नै अहिलेको नेपाली बजारको समस्या हो ।

मूल्य उच्च हुनु र भन्सार मूल्यांकन कम भएका कारण भारतबाट औपचारिक रुपमा जिराको आयात नै गर्न नसकिएको गुनासो संघका आएको उनले बताए ।

'स्टक सकियो, नयाँ जिरा महँगीका कारण ल्याउन सकिएन,' अध्यक्ष श्रेष्ठले भने, 'अहिले महँगीको कारण यही हो ।' बजारमा माग अनुसारको वस्तु नभएपछि मूल्य बढ्नु स्वाभाविक नियम भएको उनको भनाइ छ ।

तर, अर्का एक व्यवसायीका अनुसार बजारमा अहिले भन्सार छलेर भित्रिएको जिरा ठूलो मात्रामा छ । भन्सार मूल्यांकन कम भएका कारण औपचारिक च्यानलबाट जिरा ल्याउँदा महँगो हुने भन्दै ती व्यापारी भन्छन्, 'पोकामा आएको जिराले अहिले बजार धानिरहेको छ । मूल्य मनपरी छ ।'

**तर, भन्सारको तथ्यांकमा कम देखिन्छ आयात मूल्य**

चालु आर्थिक वर्षको पहिलो महिना साउनमा नेपालले ६ लाख ४ हजार किलो जिरा आयात गरेको छ । जसको लागत मूल्य २९ करोड १८ लाख रुपैयाँ छ । ५ करोड ४२ लख रुपैयाँ जिरामा सरकारी राजस्व लाग्दा जिराको लागत मूल्य ढुवानी र नाफाबाहेक प्रतिकिलो ५७२ रुपैयाँ छ ।

आर्थिक वर्ष २०७९/८० मा नेपालले ६० लाख ९७ हजार किलो जिरा औपचीरक च्यानलबाट आयात गरेको थियो । २ अर्ब २ करोड मूल्यको उक्त जिरा आयातमा सरकारले ३७ करोड २८ लाख रुपैयाँ राजस्व पाएको थियो ।

जिराको लागत, राजस्व र आयात परिमाण हेर्दा सो वर्ष जिराको कुल प्रतिकिलो लागत २९२ रुपैयाँ प्रतिकिलो मात्रै देखिन्छ । आर्थिक वर्षको चैतसम्म जिराको बिक्री थोक मूल्य ५५० रुपैयाँ किलोबाट सुरु भएर ८५० रुपैयाँसम्म पुग्यो । साउन २०७९ मा जिराको प्रतिकिलो मूल्य र लागतमा तालमेल देखिए पनि त्यसबाहेकको उपभोक्ता मूल्यमा भने ठूलो खाडल गत वर्ष नै देखिन्छ । त्यसो त चालु आवको पहिलो महिनामा गत वर्ष भन्दा स्वाभाविक रुपमा जिराको लागत बढेको देखिन्छ । तर, लागत वृद्धिको तुलनामा उपभोक्ता मूल्य वृद्धि झण्डै चार गुणा बढ्नुको कारण स्पष्ट छैन । जानकारहरुका अनुसार चालु आवको साउनको लागतमा ढुवानी भाडा र २० प्रतिशत नाफा जोडेर बिक्री गर्दा पनि जिराको मूल्य अधिकतम् ७ सय ५० रुपैयाँ भन्दा धेरै पर्दैन । तर, भारतमै उच्च मूल्यमा रहेको जिरा आयात गर्दा न्यून बिजकीकरण भइरहेजस्तो देखिन्छ ।

भारतमा हाल जिराको खुद्रा मूल्य ७ सयदेखि ९ सय भारतीय रुपैयाँसम्म रहेको देखिन्छ ।

**वाणिज्य विभाग भन्छ : आयात नै महागो भयो**

बजार नियमन गर्ने वाणिज्य तथा आपूर्ति विभागले भने जिराको मूल्य आयात स्रोत मुलुकमै बढेको दाबी गरेको छ ।

जिराको मूल्य एक्कासी अस्वभाविक बढेको बारे विभागमा गुनासोहरु आउन थालेको विभागका निर्देशक होमनाथ भट्टराईले बताए । तर, मूल्य बढ्नुमा अन्तर्राष्ट्रिय बजार मूल्य नै मुख्य कारण भएको उनको भनाइ छ ।

'जिराको मूल्य अस्वाभाविक रुपमा बढेको देखिन्छ,' विभागका सूचना अधिकारी भट्टराईले भने, 'आयात गर्दै महँगो तिरेको कागजात हामीले देखिरहेका छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# मिस युनिभर्स नेपाल २०२३ को उपाधि जेन दीपिका ग्यारेटलाई




काठमाडौं/सौन्दर्य प्रतियोगिताका आममापदण्डलाई चुनौति दिँदै मिस युनिभर्स नेपाल २०२३ को उपाधि जेन दीपिका ग्यारेटले जितेकी छन् । शनिबार ललितपुरको गोदावरीस्थित सनराइज कन्भेन्सन सेन्टरमा आयोजित फिनालेमा सन् २०२२ की विजेता सोफिया भुजेललाई ताज लगाइदिइन् ।

प्लस साइज आकारकी दीपिकाले सौन्दर्य प्रतियोगिताका लागि चाहिने 'स्ट्यान्डर्ड' मापदण्डलाई चुनौति दिँदै उपाधि जितिन् । अमेरिकाबाट फर्किएकी उनी पछिल्लो समय काठमाडौंमा बसोबास गर्दै आएकी छन् । २२ वर्षिया उनी मानसिक स्वास्थ्य, शरिर सकारात्मकता र हर्मोनल स्वास्थ्यको पक्षमा आफ्ना धारणा राख्दै आएकी छन् ।

गरिमा घिमिरे फस्ट रनरअप घोषित हुँदा बुद्धिसरा सुनार सेकेण्ड रनरअप भइन् । दुई विवाहित सुन्दरीहरु फाइनलमा पुगेका थिए । जसमा शिताष्मा पोखरेल तेस्रो र अभिलाशा लम्साल चौंथो रनरअप घोषित भए ।

सौरभ ज्योति, सुरक्षा पन्त, उपौल मजुमदार, उपाषना घिमिरे, आयुष कार्की श्रेष्ठ, रविराज कर्णिकार, संगीता पहाडी र नन्दिनी लेही थापा निर्णायकको भूमिकामा थिए । यसवर्षकी विजेता दीपिकाले आगामी नोभेम्बरमा एल साल्भाडोरमा हुने ७२ औं मिस युनिभर्समा नेपालको प्रतिनिधित्व गर्नेछिन् ।

# 'एक भगवत् गीता'मा महिला निर्देशक भएकाले क्यारेक्टरमा सहज भयो : विपिन




काठमाडौं/अभिनेता विपिन कार्कीको एउटा विशेषता छ । उनी जुनसुकै चरित्रमा आफूलाई सजिलै ढाल्न सक्छन् । आफ्नो उमेरभन्दा दोब्बर बढीको चरित्र होस् वा हाँस्य चरित्र, हरेकमा उनले आफूलाई अब्बल प्रमाणित गरेका छन् । यसैले त उनलाई नेपाली फिल्म क्षेत्रले पाएको जीवन्त कलाकार भन्ने गरिन्छ । एकपटक फेरि उनले नयाँ चरित्रमा आफूलाई ढालेका छन्, फिल्म 'एक भगवत् गीता'मा ।

यही भदौ २९ गतेबाट प्रदर्शनमा आउन लागेको झरना थापाद्वारा निर्देशित यो फिल्ममा उनले तेस्रो लिङ्गीको भूमिका निर्वाह गरेका छन् । उनले पहिलो पटक यसखालको भूमिकामा आफूलाई ढालेका हुन् । जसले गर्दा उनलाई स्वभाविक रुपमा चुनौती ठूलो थियो । उनलाई तेस्रो लिङ्गीको भूमिकामा ढल्नका लागि निर्माण टिमले वास्तविक पात्रहरुसँग घुलमिल हुने वातावरण मिलाइएको थियो ।

हालै सञ्चारकर्मीसँगको एक भेटमा उनले भने, 'मलाई हरेक भूमिका चुनौतीपूर्ण नै लाग्छ । यो त झन् लैंगिक हिसाबले समेत फरक भूमिका भएकाले अझ बढी चुनौती महसुस भएको थियो । यो भूमिकामा मलाई ढल्नका लागि वास्तविक पात्रहरु मेरो वरिवरि नै हुनुहुन्थ्यो । त्यो वातावरण निर्देशक झरना थापाले दिलाइदिनुभएको थियो । त्यो हिसाबले चरित्रमा ढल्न मलाई सजिलो पनि भयो ।'

फिल्ममा पुरुष निर्देशक भएको भए आफूलाई तेस्रो लिङ्गीको भूमिकामा काम गर्न निकै कठिन हुन सक्थ्यो भन्ने उनको बुझाई छ । 'झरना दिदीले मेरो बडी ल्याङ्वेज बिग्रिएको बेला थाहा पाइहाल्नुहुन्थ्यो । त्यहाँ पुरुष निर्देशक भैदिएको भए 'केयर' नहुन सक्थ्यो,' उनी भन्छन्, 'बसाई, बोलाई अनि अदा यस्तो हुन्छ भनेर मलाई थाहा थिएन । झरना दिदीले गर्दा यो कुरामा धेरै नै सजिलो भयो ।'

चरित्र निर्माणको क्रममा उनले लैंगिक अल्पसंख्यक समुदायसँग केही समय बिताएका थिए । जसले उनलाई त्यो समुदायको भावना बुझ्न सहज भयो । फिल्ममा आफूले निर्वाह गरेको क्यारेक्टरले लैंगिक अल्पसंख्यक समुदायप्रतिको दृष्टिकोणमा परिवर्तन ल्याउने उनको विश्वास छ । सुरुमा त उनलाई तेस्रो लिङ्गीको क्यारेक्टरमा बस्न नै गाह्रो भएको थियो । सेटमा 'रेस्ट' गर्न पनि पाउँदैन थिएँ ।

विपिन सम्झन्छन्, 'सुरु-सुरुमा त मलाई त्यो क्यारेक्टरमा बस्नै गाह्रो भएको थियो । क्यामेराले देख्ने ठाउँका रौं खौरिनुपर्थ्यो । त्यसले निकै विझाउँथ्यो । अरु कलाकार जस्तो रेस्ट गर्न पनि पाउँदिन थिएँ । बिहान सबैभन्दा चाँडो उठेर मेकअपमा बस्नुपर्थ्यो । यद्यपि, अहिले आएर त्यही कुरा रमाइलो लाग्छ ।' उनलाई त्यो क्यारेक्टरमा ढल्न मात्र होइन, त्यसबाट निस्कन पनि कठिन भएको थियो ।

एक/डेढ महिनासम्म बाँचेको क्यारेक्टरबाट मुक्त हुन छायांकन सकिएको दुई दिन उनी आफ्नै खर्चमा जनकपुर बसेका थिए । 'त्यो क्यारेक्टरबाट मुक्त हुन मलाई गाह्रो भयो । छायांकन सकिएपछि पनि म दुई दिन जनकपुरमै बसेँ । हातमा मेहेन्दीको रंग गएको थिएन । नङमा 'नेलपोलिस' थियो । हिँड्नै नमिल्ने भएको थियो । त्यसमाथि क्यारेक्टर दिमागबाट उत्रिएको थिएन,' उनले सम्झिए ।

फिल्ममा हरेक पात्रको आ-आफ्नै कथा रहेको र सबै सशक्त रहेको उनको दाबी छ । विपिन भन्छन्, 'मैले निर्वाह गरेको क्यारेक्टर फिल्मको एउटा लेयर मात्रै हो । फिल्ममा हरेक क्यारेक्टरको आ-आफ्नै कथा छ । मेरो क्यारेक्टर लैंगिक हिसाबले फरक भएकाले सायद धेरैलाई अनौठो लागेको होला । र, अलि बढी चर्चा भएको हुनसक्छ । तर, फिल्मका सबै पात्रहरु नै उतिक्कै सशक्त छन् ।'

# के हुन्छ ? जब हामी आफूलाई कमजोर ठान्न थाल्छौं




काठमाडौं/मानिसको स्वभाव धेरै खालको हुन्छ । कोही हरेक कुरामा आत्मविश्वासी हुन्छन् भने कोही सामान्य कुरामा पनि आँट गर्न सक्दैनन् । कोही ठूलो भीडलाई आफूतिर आकर्षित गर्न सक्छन् भने कसैलाई दुई-चार जना मानिसको अगाडि बोल्दा पनि असिनपसिन हुन्छन् ।

यो सबैमा आत्मविश्वास जोडिन्छ । आफूलाई कमजोर ठान्ने व्यक्तिले जीवनमा सोचेजस्तो प्रगति गर्न सक्दैन । आत्मविश्वासी र निडर स्वभावका मानिस जे काम वा परिस्थिति आए पनि त्यसका लागि अघि सरिहाल्छन् तर कमजोर आत्मबल भएका व्यक्ति पछाडि नै रहन्छन्, अगाडि आउन हिच्किचाउँछन् ।

यस्तो खासमा किन हुन्छ ? अध्ययनअनुसार यस्तो हुनुको विभिन्न कारणले हुन सक्छ । जसमध्ये पारिवारिक, सामाजिक, आर्थिक, अप्रिय घटना, बारम्बार भएको असफलताको कारणले पनि हुन्छ ।

**आत्मविश्वास कमजोर किन हुन्छ ?**

हिन्दीमा एक पसिद्ध उखान छ, जितनी चादर हो उतने ही पैर फैलाओ । अर्थात् मानिसले कुनै पनि काम आफ्नो क्षमता र शक्तिअनुसार गर्नुपर्छ । क्षमता र शक्ति भन्दा टाढा सोच्ने बानीले पनि कमजोर महसुस गराउँछ ।

कहिलेकाहीं आफूले गर्न खोजेको काम नजिकको मानिससँग सरसल्लाह गर्दा उनीहरुले तिमीले त्यो काम गरेर खाँदैन वा गर्न सक्दैन, त्यसको लागि तिमी सक्षम छैनौं भन्ने जवाफका कारण कमजोर भएको महसुस गर्छन् ।

शारीरिक कुरालाई लिएर बुलिङ गर्ने कुराले पनि मानिसलाई हतोत्साहित बनाउँछ । जस्तै, 'तिमी कति काली वा कालो ?' 'दाग कति धेरै, कति फुच्ची तिमी त ?', 'हाइट पनि छैन कसैले तिमीलाई मन पराउँदैन,' जस्ता व्यवहार नियमित भोगेको अवस्थामा बिस्तारै आत्मबल कमजोर हुँदै जान सक्छ ।

आफूलाई अरुसँग तुलना गर्ने बानीले पनि आत्मविश्वास कमजोर बनाउँछ । आफ्नै साथी, छिमेकी वा नातेदारसँग आफूले आफैंले तुलना गर्ने बानी भएपछि आत्मबल कमजोर हुँदैन जान्छ । जस्तै उसले घर, गाडी सबै जोडिसक्यो मैले एउटा साइकल पनि किन्न सकेको छैन ।

पटक-पटक जीवनमा असफल र अस्वीकार व्यवहारले पनि मान्छे आफैंलाई कमजोर ठान्छ । जस्तै, जागिरको लागि धेरै ठाउँमा आवेदन भर्दा पनि जागिर नपाउनु कारणले पनि एक हो ।

**यस्तो समस्या जन्मजात हुन्छ वा पारिवारिक वातावरणले ?**

मनोविद् डा. गृष्मा पनेरु आत्मबल कमजोर हुनु कसैको जन्मजातपनि हुन सक्ने र कसैमा जन्मिसकेपछिको वरिपरिको वातावरणले हुने बताउँछिन् ।

'प्रायजसो बच्चा जन्मिसकेपछिको वातावरणलाई मात्र नियाल्ने गरिन्छ । तर बच्चा पेटमा हुँदा आमाले कस्तो खालको वातावरण पाएको छ भन्ने विषयमा कसैले पनि चासो देखाएको हुँदैन । तर बच्चाको आत्मबल कमजोर हुनुमा गर्भावस्थामा आमाले पाएको वातावरणले धेरै असर गर्छ,' उनी भन्छिन्, 'किनकि चिकित्सकले पनि भन्ने गर्छन् बच्चा आमाको पेटमा हुँदा आमाको व्यवहार जस्तो हुन्छ त्यस्तै बच्चामा पनि त्यो बानी सर्ने गर्छ । त्यसैले तनाव नलिनु, सकारात्मक सोच राख्नु र स्वस्थ खानेकुरा खानु भन्ने सल्लाह दिइन्छ ।'

त्यसैले गर्भावस्थामा आमाले तनाव, डर, त्रास र एक्लोपन महसुस गरेकी छिन् भने त्यस्तो परिस्थितिमा शिशुको पनि पछि आत्मबल कमजोर हुन सक्ने पनेरु बताउँछिन् ।

अर्को कारण पारिवारिक वातावरण पनि हो । परिवारका सदस्यले अरुसँग तुलना गर्ने, अरुको अगाडि पनि कुरा काट्ने गर्दा आत्मबल कमजोर हुन सक्छ । प्राय: अभिभावकले जानी नजानी छरछिमेकी, नातागोता, इष्टमित्रको अगाडि आफ्नो छोराछोरीको कुरा काट्ने गर्छन् । 'मेरो छोरा वा छोरीले अहिले पनि ओछ्यानमै पिसाब फेर्छ, जाँचमा फेल हुन्छ, कम नम्बर ल्याउँछ, केही गर्न आउँदैन जस्ता कुरा अरुसँग गरिदिंदा बच्चाले आफ्नो बेइज्जत भएको महसुस गर्छन् । अनि आफूले आफैंलाई कमजोर सोच्न थाल्छन्,' पनेरु भन्छिन्, 'त्यसैले पटकपटक यसरी तुलना गर्दा निर्डर व्यक्ति पनि बिस्तारै कमजोर महसुस गर्दै जान्छ ।'

**"म कमजोर छु" भनेर मान्छेले कतिबेला सोच्न थाल्छ ?**

मनोविद् डा. पनेरुका अनुसार कमजोर महसुस गर्ने कुनै निश्चित उमेर वा समयावधि हुँदैन । कोही बच्चा बेलादेखि आफूलाई कमजोर ठान्छन् भने केही किशोरावस्था र वयस्क अवस्थामा पनि आत्मविश्वासमा कमी भएको महसुस गरिरहेका हुन्छन् ।

'कोही स्कुलमा बुलिङको सिकार भएर कमजोर महसुस गर्छन् भने कसैले आफूले गरेको व्यवसाय डुबेर वा कुनै पदमा नभएर पनि कमजोर ठान्छन्,' पनेरु भन्छिन्, 'तर प्राय: किशोरावस्थामा बढी आत्मविश्वास गुमाउने वा कमजोर भएको अनुभूति गर्छन् ।'

**ग्लानि भावले मान्छेलाई समस्यामा पार्न सक्छ ?**

आत्मविश्वास घट्दै गएमा एक्लै बस्ने, समूहमा बोल्न नसक्ने र डराउने हुन्छ । यसले भविष्यमा डिप्रेसन र एन्जाइटीजस्ता मानसिक रोग लाग्ने जोखिम हुन्छ । कसैको त पूरै बोल्न नसक्ने समस्यासमेत हुन सक्छ ।

कम बोल्ने, एक्लै बस्न रुचाउने, समाजमा घुलमिल नहुने व्यक्तिमा म कमजोर छु भन्ने भाव अरुमा भन्दा बढी हुने पनेरु बताउँछिन् ।

*(स्रोत: अनलाइनखबर)*

# स्कुलमा पढ्दापढ्दै मासिक ३ देखि ८ हजार कमाउँछन् विद्यार्थी

चितवन/जिल्लाको इच्छाकामना गाउँपालिका घर भई माडीमा रहेको जनकल्याण माविमा कक्षा १० मा अध्ययन गर्दै गरेका इन्द्रबहादुर चेपाङ अहिले विद्यालयमा व्यस्त हुन्छन् । माडी नगरपालिका-६ कल्याणपुरमा रहेको यस विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम लागू भएसँगै यहाँ अध्ययन गर्ने विद्यार्थी घरमा बाहेक विद्यालयमा समेत कृषि कार्यमा व्यस्त रहन थालेका छन् ।

चेपाङ विसं २०७२ को भूकम्पपछि माडी नगरपालिकामा आएर बुबाआमासँग बसोबास गर्दै आएका छन् । अध्ययनका लागि असहज बन्दै गएको त्यो दिन सम्झदै चेपाङ भन्छन्, 'पहिले घरबाट खर्चको जोहो गर्न कठिन थियो । अहिले त विद्यालयको कार्यक्रममा सहभागी भएर आफैं कमाउने र पढ्ने गरेको छु ।'

विकास केन्द्रले सञ्चालन गरेको यस कार्यक्रममा सहभागी भएसँगै कापी कलम किन्ने, खाजा खर्चदेखि अन्य व्यक्तिगत खर्चका लागि परिवारसँग हारगुहार गर्नु नपरेको उनको भनाइ छ । उनले भने, 'पढाइसँगै कामअनुसार मासिक तीन हजार हाराहारी कमाउने गरेको छु ।' अब केही समयपछि आफू कृषि कर्ममा लागेर कमाउन सक्ने उनले बताए ।

एसइई परीक्षा उत्तीर्ण गरेपछि पढाइलाई बिट मार्न लागेका स्थानीय राजेश महतो अहिले यस कार्यक्रममा जोडिएसँगै अध्ययनलाई निरन्तरता दिन थालेका छन् । कक्षा ११ मा अध्ययनरत उनी विद्यालयमा नै बसेर पढ्दै कमाउँदै कार्यक्रममा सहभागी भएर महिनाको आठ हजार कमाउने बताउँछन् ।

उनले भने, 'पढ्न पाइँदैन कि भन्ने थियो । अब कक्षा १२ सम्म अध्ययनका लागि सहज भएको छ ।' आफूले कमाएर घर परिवारलाई समेत दिने गरेको उनले बताए । 'यहाँ गरेको दु:ख भविष्यका लागि सहज बन्नेछ भन्नेमा विश्वस्त छु', उनले भने ।

समूहमा रहेका साथीहरूले विद्यालय समयमा मात्रै काम गर्ने भएकाले त्यो कामको रेखदेख गर्न उनी विद्यालयमा नै बस्ने गरेका छन् । विद्यालयले यी समूहमा रहेका विद्यार्थीबाट १२ कट्ठा जग्गामा धान रोपाइँ गरेको छ । तरकारीखेती समेत गर्दै आएको छ । यस्तै ३० जना विद्यार्थीले बाख्राको पाठा घरमा लगेर पालेका छन् भने चार सय वटा हाँस बिक्रीका लागि तयारी अवस्थामा रहेका छन् ।

सोही कार्यक्रममा सहभागी कक्षा ११ की सञ्जिता लामिछाने घरमा खासै काम गर्ने बानी नपरे पनि विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम लागू भएपछि घरमा समेत काम गर्ने बानी परेको बताउँछिन् । अध्ययनका लागि परिवारसँग पैसा माग्दा हुने समस्या अहिले नरहेको उनको भनाइ छ ।

उनी अहिले विद्यालयमा साथीहरूसँग काम गर्दा छुट्टै महसुस हुने गरेको सुनाउँछिन् । अहिले पढाइका लागि परिवारसँग खर्च माग्नु नपरेको भन्दै उनले भनिन्, 'अब कृषि कर्म गरेर खान सक्छु भन्ने आँट यस कार्यक्रमले दिएको छ ।'

आर्थिक वर्ष २०७८/८९ सालदेखि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट छनोटमा परी पढ्दै कमाउँदै कार्यक्रममा लागू भएसँगै यस विद्यालयमा अध्ययन गर्ने न्यून आय भएका विद्यार्थीलाई अध्ययनका लागि टेवा पुगेको छ । विद्यालयले तीन वटा समूह बनाएर यस कार्यक्रममा विद्यार्थीलाई सहभागी गराउँदै आएको छ । तीन वटा समूहमार्फत एक सय ३० जना विद्यार्थीलाई परिचालन गरी कार्यक्रम सञ्चालन गरिएको छ ।

कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने विद्यार्थीलाई लक्षित गरी विद्यालयले बाख्रापालन, हाँसपालन, फलफूल, तरकारीखेती तथा खाद्यान्न बालीका लागि समूह विभाजन गरी काम गरिएको कार्यक्रमकी सम्पर्क व्यक्ति एवं विद्यालयकी शिक्षिका टीका खत्रीले जानकारी दिइन् ।

अहिले यस कार्यक्रममा सहभागी विद्यार्थीले कामका हिसाबले मासिक रु तीन हजारदेखि ८ हजार सम्म कमाउने गरेको उनले बताइन् । विद्यालयमा कृषि विषय अध्ययन हुँदै आएको हुँदा यहाँका विद्यार्थीलाई कृषितर्फ नै केन्द्रित गराइएको उनको भनाइ छ । शिक्षिका खत्रीले भनिन्, 'विद्यार्थीलाई श्रमप्रति माया जगाउनका लागि यो कार्यक्रम प्रभावकारी बनेको छ ।'

विद्यालयका प्रधानाध्यापक रामबहादुर जिसीले विपन्न वर्गका विद्यार्थीलाई अध्ययनका लागि यो कार्यक्रम प्रभावकारी भएको बताए । उनका अनुसार विद्यालयले उत्पादित सामग्री बिक्री वितरण गरिदिने गरेको छ । तरकारी र खाद्यान्नजस्ता वस्तु स्थानीय बजारमा समेत बिक्री भइरहेको उनको भनाइ छ । उनले भने, 'यस कार्यक्रममा जोडिएका विद्यार्थी पढाइमा समेत लगनशील बन्न थालेका छन् ।'

*(स्रोत: अनलाइनखबर)*

# सारुकको न्यायको माग गर्दै शान्तिपूर्ण र्‍याली



काठमाडौं/गत असार २१ गते घरमा मृत भेटिएका अभिनेता सारुक ताम्राकारको न्यायको माग गर्दै समर्थकहरुले शान्तिपूर्ण र्‍याली निकालेका छन् । शनिबार बिहान साढे ९ बजेतिर सारुकको घर रहेको क्षेत्र ज्ञानेश्वर चोकदेखि मालीगाउँसम्म मौन र्‍याली निकालिएको थियो । र्‍यालीमा सहभागी अधिकांशले 'जस्टिस फर सारुक' र 'जस्टिस फर सारुकस् मदर' लेखिएको सेतो रंगको टिसर्ट लगाएका थिए ।

सारुक र उनको बुबाको तस्बिरसहित निकालिएको शान्तिपूर्ण र्‍यालीमा डेढ सय बढी सहभागी थिए । र्‍यालीको क्रममा उनीहरुले बाटोको फोहोर समेत उठाएका थिए । र्‍यालीमा सहभागीहरुले सारुकको निधनको निष्पक्ष रुपमा अनुसन्धान हुनुपर्ने र सत्यतथ्य प्रहरी प्रशासनले चाँडै सार्वजनिक गर्नुपर्ने माग गरेका छन् । र्‍यालीमा सारुकको परिवारका केही सदस्यहरु समेत सहभागी थिए ।

सारुकको निधनको ५२ दिनमा उनका पिता तथा कलाकार सानु ताम्राकारको पनि निधन भएको थियो । छोराको निधनको शोकमा उनी बिरामी परेका थिए । छोरा र बुबा दुवैको निधन भएपछि चौतर्फी रुपमा गम्भीर छानबिन हुनुपर्ने भन्दै आवाज उठिरहेको छ । सारुकलाई आमहत्या गर्न बाध्य पारिएको हुनसक्ने आशंका धेरैको छ । उनकी आमाले समेत छोराको न्यायको माग गरेकी छन् ।

यसै हप्ता सारुककी आमाले फेसबुकमा स्टाटस लेख्दै छोराले गलत कदम उठाउनुको कारणबारे छानबिन गर्न र फोन डिटेल प्रष्ट रुपमा अगाडि ल्याउन प्रहरी प्रशासनसँग अनुरोध गरेकी थिइन् । छानबिन कहाँसम्म पुग्यो भन्नेबारे आफूले खबर नपाएको समेत उनको गुनासो थियो । प्रहरीले भने अनुसन्धान भैरहेको दाबी गर्दै आइरहेको छ । तर, अहिलेसम्म ठोस उपलब्धि देखिएको छैन ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# तीजको रौनकता बढ्दै, तीज विशेष कार्यक्रम छपक्कै

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ मकवानपुरमा हरितालिका तीजको रौनकता बढ्दै गइरहेको छ । तीज आएसँगै राजनीतिक दलदेखि सामाजिक संघसंस्थाका महिला विभाग, महिलाहरुकै संगठनले तीज विशेष कार्यक्रम आयोजना गरिरहेका छन् ।

महिलाहरुको विशेष पर्वको रुपमा तीजमा दरखाने र सांगीतिक कार्यक्रमले जिल्लाका गाउँपालिकादेखि हेटौंडा छपक्कै भइसकेको छ । यसैबीच, हेटौंडा उपमहानगरपालिका-२ चौकिटोलमा सुन्दर व्यायाम समूहको तीज बिशेष कार्यक्रम आयोजना गरेको छ । नेपाली नारीहरुको महान पर्व हरि तालिका तीजको अवसरमा दरखाने कार्यक्रम र नाचगान कार्यक्रम गरिएको हो ।

व्यायाम समूहमा आवद्ध भएकाहरु शनिबार दिनभरजसो नाचगानमानै व्यस्त रहे । कार्यक्रमलाई संबोधन गर्दै हेटौंडा उपमहानगरपालिका-२ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जनले व्यायाम क्षेत्रको विस्तार गर्दै यसमा आवस्यक सहयोग गरिने बताए । यस क्षेत्रमा बालबालिकाका लागि पार्क र अरुका लागि व्यायाम गर्ने सामग्रीहरु थप गरिने बताए ।

सुन्दर व्यायाम समूहका अध्यक्ष कल्पना सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेसका नेता अशोक शाक्य, जिल्ला समन्वय समिति मकवानपुरका सदस्य तारा ढुंगाना, मकवानपुर उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, नेपाल पत्रकार महासंघ मकवानपुरका निवर्तमान अध्यक्ष हरि हुमागाईं, मकवानपुर उद्योग वाणिज्य संघका सदस्य राजेन्द्र लामिछाने, व्यवसायी रविन्द्र मिघिरे, प्रमुख प्रशिक्षक पेम्बा लामा लगायतको आतिथ्यता रहेको थियो ।



यसैगरी, एकीकृत अखिल नेपाल शिक्षक संगठन जिल्ला समन्वय समिति मकवानपुरको महिला विभागद्वारा तीज विशेष कार्यक्रम गरिएको छ । तीज पर्वको अवसर पारेर संगठनले शनिबार हेटौंडामा कार्यक्रम गर्नुका साथै शुभकामना आदानप्रदान गरिएको हो । तीज कार्यक्रमका संयोजक सिर्जना पौड्यालको सभाध्यक्षता तथा बागमती प्रदेश सरकारका सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।

कार्यक्रममा प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, नेकपा (माओवादी) केन्द्र मकवानपुरका संयोजक सर्केश घलान, शिक्षक संगठनका केन्द्रीय सदस्य एवम् मकवानपुर ईन्चार्ज शम्भुविक्रम लामा, संगठनका पूर्वजिल्ला अध्यक्ष भोगेन्द्र लुईंटेल, पूर्वसचिव कृष्ण खनाल, केन्द्रीय परिषद् सदस्य जीवन तिमल्सिनालगायतको आतिथ्यता रहेको थियो ।

यस्तै, उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समिति र महिला उद्यमीको संयुक्त आयोजनामा शनिबार तीज विशेष कार्यक्रम गरिएको छ । संस्थाको १४ औं स्थापना दिवसको अवसर पारेर महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा शुभकामना आदान प्रदान तथा दरखाने कार्यक्रम गरिएको हो ।

कार्यक्रममा पूर्वमहिला उद्यमी सभापतिहरुलाई सम्मान गरिएको थियो । उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिका सभापति गणेशमान मानन्धरको सभाध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीको प्रमखु आतिथ्यता रहेको थियो । अध्यक्ष कालाखेतीले महिलाहरुले ब्रत बसेर आफ्नो श्रीमानको दीर्घायूको कामना गर्दै आफ्नो परम्परा धान्दै आएको प्रति महिला दिदीबहिनीलाई धन्यवाद ज्ञापन गरे । साथै यस्ताखाले कार्यक्रमले समग्र महिला दिदीबहिनि बीच भाइचार कायम हुने बताए ।

कार्यक्रममा मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगर, उद्योग वाणिज्य संघ मकवानपुरका अध्यक्ष कृष्ण कुमार गुप्ता अग्रवाल, मनहरी-७ का वडाअध्यक्ष ठाकुरराम तितुङ, इलाका प्रहरी कार्यालय मनहरीका प्रहरी निरीक्षक उर्मिला रानामगर, उद्योग वाणिज्य संघ मकवानपुरका महिला सभापति अंकिता सुमार्गी, संघ मकवानपुरका पूर्वमहिला सभापति निलम बैद्य, निलम पाण्डे, साना किसान सहकारी संस्था मनहरी-८ का अध्यक्ष बिमला कार्की, दिव्यज्योति महिला सहकारीका अध्यक्ष सुजिता कार्की, बंगलामुखी सहकारीका अध्यक्ष कमला मैनाली लगायतको आतिथ्यता रहेको थियो भने मनहरीका महिला उद्यमीहरुको सहभागित रहेको थियो ।

यस्तै, नेपाल शिक्षक संघ मकवानपुर महिला विभागको आयोजनामा तीजविशेष कार्यक्रम आयोजना गरिएको छ । संघ महिला विभागले शनिबार हेटौंडामा तीजविशेष कार्यक्रमको आयोजना गर्दै नजिकिदै गरेको हिरितालिका तीजको अवसरमा महिला शिक्षकलाई दर समेत खुवाएको हो ।

शिक्षक संघ मकवानपुरको महिला उपाध्यक्ष तथा महिला विभाग संयोजक उमा कोइरालाको सभाध्यक्षतामा गुणस्तरीय सार्वजनिक शिक्षामा महिला शिक्षकको भूमिका तथा तीज विशेष कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा नेपाली कांग्रेस बागामती प्रदेश सभापति तथा बागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा शिक्षक संघ केन्द्रीय सदस्य रामकुमार अधिकारी, नेविसंघ केन्द्रीय सदस्य मिलन पुडासैनी, कांग्रेस बागमती प्रदेश सदस्य प्रदीप कोइराला, कांग्रेस मकवानपुरका अध्यक्ष बुद्ध लामा, पूर्वअध्यक्ष माइकल रामचन्द्र अर्याल रघुरमण न्यौपाने, शिक्षक संघ बागमती प्रदेश सदस्य ज्ञानेन्द्र बर्तौला, कांग्रेस मकवानपुरका उपाध्यक्ष तथा बकैया गापा अध्यक्ष धर्मराज लामिछाने, सह-सचिव ईन्दिरा न्यौपाने, शिक्षक संघ मकवानपुर अध्यक्ष गणेशप्रसाद हुमागाई, कांग्रेस हेटौंडाका निवर्तमान सभापति आन्नदराम पराजुलीलगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडाको अस्तित्वलाई संकटमा पार्नुहुँदैन: व्यवसायी बज्राचार्य

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ हेटौंडाका सुनचाँदी व्यवसायी एवम् समाजसेवी ज्योतिरत्न बज्राचार्यले सडक विस्तारको बहानमा हेटौंडाको अस्तित्वलाई संकटमा पार्न नहुने बताएका छन् ।



शनिबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै बज्राचार्यले हेटौंडा बजार क्षेत्रमा रहेका चार वटै राजमार्गलाई २५ मिटर फराकिलो बनाउँदा ऐतिहासिक महत्व बोकेको हेटौंडाको अस्तित्व संकटमा पर्ने दावी गरेका हुन् । उनले पूर्वपश्चिम राजमार्ग विस्तार गर्दा राप्तीरोड र मेनरोड, कान्तिलोकपथ र धरान-चतरा विस्तार गर्दा कान्तिराजपथ तथा त्रिभुवनराज पथ विस्तार गर्दा पिप्लबोट रोड विस्तारहुने बताए । बज्राचार्यको सुन पसल राप्तिरोडमा छ । सडक विस्तार हुँदा उनको सुन पसल पनि हटाउनुपर्ने हुन्छ ।

'सडक फराकिलो पार्नुपर्छ तर, बजारबाट हाइवे जानुहुँदैन ।', सुनचाँदी व्यवसायी संघ बागमती प्रदेश अध्यक्ष समेत रहेका उनले अब समयमै वैकल्पिक मार्गको निर्माण गरेर बजार क्षेत्रको सडकलाई 'सहरी मार्ग' बनाउने पर्ने बताए । उनले हेटौंडा बजार क्षेत्रको सडक दायाँबायाँ विनामुआब्जा १६/१६ मिटर विस्तार गरी बाइपास सडक ३२/३२ मिटरको बनाउन जरुरी रहेको बताए । उनले वीरगञ्ज र नारायणगढमा समेत सडक बाइपास गरिएको र सहरी मार्ग पनि बनाइएको स्मरण गरे ।

उनले हेटौंडा बजार क्षेत्र विस्तार गर्दा राज्यले दिनुपर्ने क्षतिपूर्ति र मुआब्जाभन्दा बाइपास सडक निर्माण गर्दा आर्थिक भार कम पर्ने दावी गरेका छन् । बज्राचार्यले बिभिन्न मितिमा मकवानपुरका प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यहरुले गरेको प्रतिबद्धतापत्र, सर्वोच्च अदालतले मुआब्जा दिएर मात्र घरटहरा भतकाउन बिभिन्न मितिमा गरेको फैसलाको पूर्णपाठ, नगरपालिका, डिभिजन सडक कार्यालयबीच भएका पत्राचारका प्रतिलिपिहरु समेत संलग्न गरी संचारकर्मीहरुलाई उपलब्ध गराएका छन् ।

# हटियामा १ सय २५ जनाको नि:शुल्क स्वास्थ्य परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/हेटौंडा उपमहानगरपालिका-१७ हटियास्थित प्रस्तावित श्री जगद्गुरुत्तम चिकित्सालयस्थलमा भएको नि:शुल्क स्वास्थ्यशिविरमा १ सय २५ जनाको स्वास्थ्य परीक्षण गरिएको छ ।



शनिबार सम्पन्न शिविरमा हाडजोर्नी तथा नशारोग, दन्तरोग, सामान्य चिकित्सा, र फिजियोथेरापीसम्बन्धी स्वास्थ्य जाँच गरिएको थियो । मासिक रुपमा संचालन हुने शिविरमा सन्चो हस्पिटल प्रालि हेटौंडाका हाडजोनी तथा नशा रोग चिकित्सक आशुतोष दास, सामान्य चिकित्सा डाक्टर सचिन दास, जस्मिन हस्पिटल प्रालि मायादेवी-१ की सञ्चालक फिजियोथेरापिस्ट डाक्टर रोशनी नेपाली र पन्चकोश डेन्टल हस्पिटल प्रालि जाजरकोटका सिडिसि डा. प्रेमबहादुर कार्कीद्वारा १ सय २५ जना स्थानीयसहित साधकहरुको स्वास्थ्य जाँच गरिएको थियो ।

शिविरमा नि:शुल्क स्वास्थ्य जाँच गरिनुका साथै नि:शुल्क औषधि वितरण गरिएको थियो । श्रीराधामाधव समिति नेपाल, जगद्गुरुतम मन्दिर अध्यात्म केन्द्र र डिभाइन युथ क्लब नेपालको संयुक्त आयोजना तथा सन्चो हस्पिटल प्रालि हेटौंडाको प्राविधिक सहयोगमा शिविर भएको हो । शिविर श्रीराधामाधव समिति नेपालका केन्द्रीय सदस्य किरण शर्मा भण्डारीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका-१८ का वडाअध्यक्ष अनिल बानियाँको प्रमुख आतिथ्यतामा भएको हो ।

उद्घाटन कार्यक्रममा सहभागी अतिथिले आगामी दिनमा संस्थासँग जोडिएर सहकार्य र समन्वय गर्ने बताएका छन् । विगतका दिनहरुमा संस्थाले शिविरहरु संचालन गर्दै आएको छ । २०७६ पुस महिनादेखि सुरु भएको शिविर कोरोना अवधिभर रोकिएर पुन: सञ्चालन हुँदै ३० औं श्रृंखलाअन्तर्गत शनिबारको शिविर सम्पन्न भएको हो । विगतमा विभिन्न विधामा आयोजित शिविरमा विशेषज्ञ डाक्टरहरुद्वारा स्वास्थ्य जाँच गरिएको थियो । अब आउने महिनामा विशेषज्ञ डाक्टरहरुबाट हेटौंडाका स्थानीय बासिन्दालाई अझै लाभ पुऱ्याउने योजना रहेको जनाइएको छ ।

# जागरण सहकारीको निक्षेप १३ करोड ७२ लाख

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ मकवानपुरगढी-३ मक्रान्चुलीमा रहेको जागरण बचत तथा ऋण सहकारी संस्थाको २५ औं वार्षिक साधारणसभा शनिवार भएको छ ।

मक्वानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङतानको प्रमुख आतिथ्यता एवम सहकारीकी अध्यक्ष कल्पना श्रेष्ठको सभाध्यक्षतामा साधारणसभा भएको हो । सभामा अध्यक्ष श्रेष्ठले संस्थागत प्रतिवेदन, सचिव सरिता विश्वकर्माले प्रगति प्रतिवेदन, लेखासंयोजक मीना दर्जीले लेखासमितिको प्रतिवेदन पेश गरेका थिए । जागरण सहकारीको शेयर पूँजी १ करोड ७९ लाख, निक्षेप १३ करोड ७२ लाख, ऋण लगानी १२ करोड ५२ लाख रहेको साधारणसभामा जानकारी गराइएको छ ।




यसैगरी, सहकारीमा ३ हजार २ सय ५० जना शेयर सदस्यहरु रहेको व्यवस्थापक मेनुका दाहालले जानकारी दिइन् । १९ करोड ४४ लाख एक हजार ९५ रुपैयाँको कारोबारको वासलत रहेको सहकारीमा ९८ लाख ४२ हजार ८ सय ३ रुपैयाँ जगेडा कोष रहेको छ । साधारणसभाको अबसरमा उत्कृष्ट बाल बचतकर्ता निशान धिमाल, आकृति राई, कृस केसी र सुप्रिया खतिवडालाई पुरस्कृत गरिएको थियो ।

उत्कृष्ट नियमिति बचतकर्ता विष्णुकुमारी थिङ, गोविन्द ढुङगाना, सुशिला भुजेल र उत्कृष्ट ऋणीमा मीरा ठकुरी, अम्मरबहादुर गुरुङ, मीना गौतम र सुर्जेमान रुम्बालाई पुरस्कृत गरिएको थियो । साधारणसभामा मकवानपुर गढी-३ का वडाअध्यक्ष भागवत घिमिरे, ४ का वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, राष्ट्रिय सहकारी बैंक हेटौडा शाखाप्रमुख रामेश्वर अर्याल, सिर्जनशील समाज सहकारीका अध्यक्ष कृष्ण बिडारी, हिमाल महिला बहुउद्धेश्यीय सहकारीकी अध्यक्ष जानकी दाहाल, मनकामना दुग्ध उत्पादक सहकारीका अध्यक्ष अर्जुनप्रसाद दाहाल, भानु माविकका प्रअ राजेन्द्र थापालगायतको आतिथ्यता रहेको थियो । सहकारीले मुख्य कार्यालय मक्रान्चुली र सेवा केन्द्र हेटौंडा-१६ बाट सेवा प्रदान गर्दै आएको छ ।

# हेटौंडाकी नासु लामालाई उत्कृष्ट निजामती सेवा पुरस्कार



साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ आन्तरिक राजस्व कार्यालय हेटौंडाकी नायवसुब्बा शुभलक्ष्मी लामाले उत्कृष्ट निजामती सेवा पुरस्कार पाएकी छिन् । सरकारले २० औं निजामती सेवा दिवसमा लामालाई उत्कृष्ट निजामती सेवा पुरस्कारबाट पुरस्कृत गरेको हो । लामाले १ लाख नगद सहित पुरस्कार पाउने भएकी छन् ।

सरकारले सर्वोत्कृष्ट निजामती सेवा पुरस्कार एकजना, उत्कृष्ट निजामती सेवा पुरस्कार १० र निजामती सेवा पुरस्कार ३० जनालाई प्रदान गरिदै आएको थियो । यसवर्ष १० जनालाई उत्कृष्ट निजामती सेवा पुरस्कार र ३० जना कर्मचारीलाई निजामती सेवाका लागि छनोट गरेको थियो । यसैअन्तर्गत लामा छनोटमा परेकी हुन् ।

सरकारले हरेक वर्ष भदौ २२ गते निजामती कर्मचारी दिवस मनाउँदै आएको छ । निजामती सेवा नियमावली २०५० अनुसार निजामती सेवा पुरस्कारको व्यवस्था गरिएको हो । जसमा दुई लाख रुपैयाँसहित एकजनालाई सर्वोत्कृष्ट, एक लाख रुपैयाँसहित १० जनालाई उत्कृष्ट र ५० हजार रुपैयाँसहित ३० जनालाई निजामती सेवा पुरस्कार दिइन्छ । नेपाल सरकारका मुख्यसचिवको संयोजकत्वमा रहने सिफारिस समितिले देशभरिबाट प्राप्त नाममध्ये पुरस्कृत हुने निजामती कर्मचारीको नाम सिफारिस गर्ने पद्धति छ ।

# चुरियामाईबाट लागूऔषध सहित एकयुवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/हेटौंडा उपमहानगरपालिका-१५ चुरियामाईबाट बिहिबार २९५ एम्पुल लागूऔषध डाईजेपाम सहित एकजना पक्राउ परेका छन् ।

प्रहरीले पर्सा जिल्लाको पोखरिया नगरपालिका-९ पोखरिया बस्ने २३ बर्षीय जुगेश्वर राउत कुर्मीलाई पक्राउ गरेको हो । ईलाका प्रहरी कार्यालय पशुपतिनगर र प्रहरीचौकी रातोमाटे मकवानपुरबाट खटिएको संयुक्त प्रहरीको चेकजाँच टोलीले वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००१ ख०३०५ नम्बरको यात्रुबाहक माइक्रो बसमा सवार कुर्मीलाई लागुऔषध सहित पक्राउ गरेको हो ।

शंका लागेर माइक्रो बसबाट ओरालेर रितपूर्वक खानतलासी गर्दा कुर्मीको साथमा रहेको झोलाभित्र लुकाई छिपाई ल्याएको अबस्थामा लागुऔषध डाइजेपाम १०० एम्पुल, फेनार्गन ८६ एम्पुल र नुफिन ९९ एम्पुल फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । लागुऔषध सहित कुर्मीलाई नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# हुप्रचौर नजिकै पुरुषको शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ मकवानपुरको हेटौंडा-४ हुप्राचौर नजिक एक पुरुषको शव फेला परेको छ । वडा नम्बर ४ को कार्यालय नजिक बेवारिसे अवस्थामा शव फेला परेको हो ।

शुक्रवार साँझ घोप्टो परेको अवस्थामा शव फेला परेको र शव स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए । शव अन्दाजी ३५/४० बर्षीय पुरुषको रहेको र ती पुरुष हेटौंडा बजार क्षेत्रमा कवाडी मालसामान टिपेर हिड्ने गरेको खुल्न आएको मकवानपुर प्रहरीले जनाएको छ । शवको शनाखत नभएको जनाइएको छ ।

# 'ज्येष्ठ नागरिकलाई राज्यले सम्मान गर्नुपर्छ'

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ज्येष्ठ नागरिक जिल्ला संघ, मकवानपुरको ११ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ । साधारण सभालाई सम्वोधन गर्दै बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मुक्तानले ज्येष्ठ नागरिकलाई राज्यले सम्मान गर्नुपर्ने बताइन् ।

बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले ज्येष्ठ नागरिकलाई सदैव सहयोग गर्ने बताइन् । हेटौंडाको कमानेमा निर्माणाधीन ज्येष्ठ नागरिकको भवनको लागि मन्त्रालयले सहयोग गर्ने बताइन् । कार्यक्रममा संघका अध्यक्ष हरिप्रसाद सिग्देलले संस्थागत प्रतिवेदन र सदस्य केशव सञ्जेलले आर्थिक प्रतिवेदन पेश गरेका थिए । भेलामा दिब्यसेवा निकेतनका केन्द्रीय अध्यक्ष तेजराम निरौला र असहाय ज्येष्ठ नागरिक कृष्णबहादुर ठकुरीलाई सम्मान गरिएको थियो ।

संघका जिल्ला अध्यक्ष सिग्देलको सभाध्यक्षतामा सम्पन्न भएको भेलामा ओम वृद्धाश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठ, मंचका उपाध्यक्ष बुद्धिप्रसाद पौडेल, सचिव दीप सुवेदीलगायतको सहभागिता थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना